# प्रभाव दैनिक
National Daily

पत्रकार तथा सञ्चार माध्यमबीचको आपसी सम्बन्ध व्यवसायिक, स्वस्थ्य संयमित, मर्यादित र सुमधुर राख्न दुवै सक्रिय र प्रयत्नशिल हुनु पर्दछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

वर्ष ७ अंक १६४ काठमाडौं सोमबार, ३ कात्तिक २०७७ Prabhab National Daily, Monday, October 19, 2020 URL www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## बिप्रेषणको उपयोगमा प्रश्न उठाउन नमिल्ने तर्क

■ लोकराज रूम्दाली

**काठमाडौं–** वैदेशिक रोजगारमा रहेका श्रमिकबाट प्राप्त बिप्रेषण (रेमिट्यान्स) अनुत्पादित क्षेत्रमा लगानी भयो भन्न नमिल्ने सरोरकारवालाहरूले बताएका छन् । आइतबार वैदेशिक रोजगार पत्रकार सामाजले आयोजना गरेको 'बिप्रेषणको उपयोग' छलफल कार्यक्रममा श्रमिकले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र वृद्धि र गरिबी घटाउन मुख्य भूमिका निर्वाह गरेको भन्दै अनुत्पादित क्षेत्रमा लगानी भयो भन्न नमिल्ने सरोकारवालाहरूले बताएका हुन् ।

श्रमिकबाट प्राप्त रेमिट्यान्स श्रमिकको आवश्यकताअनुसार उपयोग भइरहेको पनि सरोकारवालाहरूले बताएका छन् । रेमिट्यान्सको सदुपयोगसम्बन्धि वैदशिक रोजगारबाट प्राप्त भएको बिप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी श्रमिकले लाभ लिन सक्ने भन्ने विषयमा विभिन्न बहस चलाए तापनि उत्पादनमूलक क्षेत्रमा युवाहरू आकर्षित हुन नसकेको सरोकारवालाहरूले बताएका छन् ।

वैदेशिक रोजगारमा रहेका श्रमिकबाट प्राप्त रेमिट्यान्स अनुत्पादित क्षेत्रमा लगानी भयो भन्न नमिल्ने बताउँदै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न नसक्नुमा श्रमिकको विदेश प्रस्थानपूर्व नै ठूलो समस्या रहेको वैदेशिक रोजगारविद् डा. गणेश गुरूङ बताउँछन् । 'सरकारले विदेश जानुअघि नै श्रमिकलाई विभिन्न उद्योगधन्दा, बैंक तथा वित्तीय संस्थामा यसरी लगानी गर्न सकिन्छ भन्ने विषयमा केही मात्रा आकर्षित भएको देखिन्छ,' उनी भन्छन्, 'यसका लागि श्रमिकले विदेश प्रस्थान गर्नुपर्ने नीति नियम परिवर्तन गरी सुधार गर्न जरुरी छ ।'

त्यस्तै, हालसम्म रेमिट्यान्स सबैभन्दा बढी व्यक्तिगत उपभोगमा खर्च भइरहेको विभिन्न अध्ययन देखिएको पनि उनले बताएका छन् । उनका अनुसार धेरै जसो विदेश जाने श्रमिक निम्न वर्गका हुने भएकाले उनीहरूको सबैभन्दा पहिलो प्राथमिकता गाँस, बास र कपासमै रहेको छ ।

'विदेशमा गएका श्रमिकको पहिलो प्राथमिकता परिवारको आवश्यकता पूरा गर्नेमा हुन्छ । त्यसैले रेमिट्यान्सको पैसा विभिन्न क्षेत्रमा लगानी गर्नुस् भन्न मिल्दैन,' उनले भने, 'अधिकांश मलेसिया तथा खाडी मुलुकमा श्रम गर्न जाने श्रमिकको पहिलो प्राथमिकता परिवारको आवश्यता पूरा गर्ने, दोस्रोमा विदेशमा गएको ऋण तिर्ने र तेस्रोमा जग्गा जमिन खरिद गर्ने भएकाले यसमा श्रमिकको स्तर अनुसार फरक पर्छ ।'

साथै, रेमिट्यान्सले नेपालीको गरिबी घटाउन र कुल गार्हस्थ उत्पादनमा ठूलो टेवा पुऱ्याउनु नै ठूलो उपलब्धि रहेको डा. गुरुङ बताउँछन् । यसकारण कुनै पनि बिप्रेषण सही ठाउँमा सदुपयोग नभएको भन्नु गलत रहेको उनले बताए ।

यसैगरी, श्रमिकको रकम अनुत्पादित क्षेत्रमा लगानी भयो भन्न नमिल्ने बताउँदै राष्ट्र बैंकका प्रवक्ता गुणकर भट्टले नेपाली श्रमिकलाई पूर्वाधारको विकासमा संलग्न गराई श्रमिकलाई सदुपयोग गर्न सक्ने बताएका छन् । यसका लागि कृषि क्षेत्रमा लगानी गरी रेमिट्यान्सको सदुपयोग गर्न सकिने पनि उनले बताए ।

उनका अनुसार यसका लागि स्थानीय तह, संघीय सरकार, बैंकिङ क्षेत्रसँग समन्वय गरेर कसरी सदुपयोग गर्न सकिन्न भन्ने बारेमा ध्यान दिनुपर्ने उनले बताएका छन् । उनका अनुसार राष्ट्र बैंकले जारी गरेको बचतपत्रमा वैदेशिक रोजगारी लगानी आकर्षित नदेखिएपछि आगामी मंसिरदेखि सधैँको लागि खुल्ला गरिँदै छ ।

साथै, रेमिट्यान्सले पूर्वाधारमा कसरी विकास गर्न सकिन्छ भन्ने विषयमा अपनत्त्व देखाउन सक्नुपर्ने उनको बुझाइ छ । यसको लागि प्रादेशिक सरकारले तथा बैंकिङ क्षेत्रले लगानी गर्न सक्ने गरी वैदेशिक स्किम ल्याउनुपर्ने उनले उल्लेख गरे ।

उद्योग, एयरलाइन्सले पनि वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई लगानीसँग जोड्नका लागि छुट्टै सेयर जारी गरेमा केही लगानी बढ्ने पनि उनले बताएका छन् । यसरी उद्योग क्षेत्रलाई विशेष प्रोत्साहन गरी रेमिट्यान्सको सदुपयोग गर्न सकिने उनको भनाइ छ ।

हालसम्म रेमिट्यान्सले अर्थतन्त्रलाई आधुनिकीकरण बनाएको पनि उनले बताएका छन् । उनका अनुसार हाल वैदेशिक रोजगारबाट कुल ग्रार्हस्थ उत्पादन २५ प्रतिशत पुगेको र गरिबी घटाएको छ ।

बिप्रेषणको विभिन्न आयामबाट उपयोग भइरहेको प्रवक्ता भट्टले बताएका छन् । राष्ट्रिय बचत बढाएको, चालु खाता सन्तुलनमा राखेको, अर्थतन्त्र वृद्धिमा रेमिट्यान्सले महत्त्वपूर्ण भूमिका खेलेको उनको बुझाइ छ ।

यसैगरी, रेमिट्यान्सले गर्दा गुणस्तर शिक्षा तथा आधुनिकीकरणतिर डोऱ्याइरहेको उनले बताएका छन् । उनले भने, 'अहिले हरेक मानिससँग मोबाइल छ । उक्त मोबाइलको सहायताले विश्वको अर्थतन्त्र के भइरहेको छ भन्नेबारे घरमै बसीबसी हेर्न सक्ने भएकाले यसमा पनि रेमिट्यान्सको ठूलो योगदान रहेको छ ।'

## बढ्दै कोरोना संक्रमण

### सरकारको नयाँ निर्णयः ५० प्रतिशत आइसियू अनिवार्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** हिन्दूहरूको महान् चाड दसैं लागिसकेको छ । तर, उत्साह छैन । कोरोना संक्रमणका कारण देश आक्रान्त छ । विश्व महामारीको रूपमा फैलिएको कोरोना संक्रमणका कारण दसैंभन्दा पनि संक्रमणको चिन्ता छ ।

नेपालमा दैनिक संक्रमण फैलँदै गएको छ । सरकारले यसअघि नै 'जो जहाँ छ, त्यही दसैं मनाऔं' भनिसकेको छ । कोरोना संक्रमण फैलँदै गएपछि सरकारले आफ्ना निर्णयहरू पनि बदल्दै गएको छ । सरकारको पछिल्लो निर्णयअनुसार अब सबै अस्पतालले कोरोना संक्रमितको उपचारका लागि ५० प्रतिशत बेड अनिवार्य रूपमा छुट्याउनुपर्ने भएको छ ।

सरकारले यसअघि गरेको निर्णय परिवर्तन गर्दै निजी, सहकारी, सामुदायिक, मेडिकल कलेज र सबै सरकारी अस्पताललाई कोरोनाको उपचारका लागि ५० प्रतिशत बेड अनिवार्य गर्न निर्देशन दिएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता प्रा.डा.जागेश्वर गौतमका अनुसार ५० प्रतिशत बेडमा आईसीयूसमेत हुनुपर्नेछ । यसअघि सरकारले निजी, सहकारी र सामुदायिक अस्पतालले २० प्रतिशत र मेडिकल कलेजले ३३ प्रतिशत बेड छुट्याउनुपर्ने निर्णय गरेको थियो । यसलाई परिवर्तन गर्दै सरकारले नयाँ निर्णय गरेको हो ।

आइतबारमात्रै काठमाडौं उपत्यकामा १ हजार ६९८ सहित देशभर २९४२ जनामा कोरोना संक्रमित थपिएका छन् । उपत्यकामा थपिएका संक्रमितमध्ये काठमाडौंमा १ हजार ४६९, ललितपुरमा १३० र भक्तपुरमा ९९ जना रहेको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए । आइतबार थपिएकासँगै देशभर सक्रिय संक्रमितको संख्या ३९ हजार ३४१ पुगेको छ । यस्तै आइतबार थप १२ जनाको मृत्यु भएको छ । यससँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ७३९ पुगेको छ । हालसम्म १२ लाख ८३ हजार ३५४ जनाको पीसीआर हुँदा कुल संक्रमित १ लाख ३२ हजार २४६ पुगेका छन् । यो संख्या दैनिक थपिरहेका छन् ।

यसैले पनि सरकारले संक्रमितका लागि पूर्वाधार तयारलाई तिव्रता दिएको छ । मन्त्रालयका प्रवक्ता गौतमले भने, 'अस्पताल व्यवस्थापनको अहिलेको व्यवस्थाअनुसार निजी, सहकारी र सामुदायिक अस्पतालमा २० प्रतिशत र मेडिकल कलेजहरूले ३३ प्रतिशत शैय्या कोभिड-१९ का लागि छुट्याउनुपर्ने निर्णय भएकोमा सो निर्णय परिवर्तन गरी अब सबै निजी, सहकारी, सामुदायिक अस्पताल, सरकारी अस्पताल तथा मेडिक कलेजहरूलाई कम्तिमा ५० प्रतिशत सबै किसिमका शैय्या आईसीयूलगायतका पूर्वाधार कोभिड-१९ को व्यवस्थापनका लागि छुट्टाउनुपर्ने निर्णय भएको छ ।'

त्यसो त नेपालमा निको हुने संक्रमितको संख्या पनि धेरै छ । आइतबारमात्रै २३ सय २६ जना निको भएर डिस्चार्ज भएका छन् । योसँगै नेपालमा कोरोना जित्नेको संख्या ९२ हजार १६६ पुगेको छ । मन्त्रालयका अनुसार पाँच सय बढी संक्रमित हुने जिल्लामा मोरङ, सुनसरी, मकवानपुर, सुर्खेत, ललितपुर, काठमाडौं, भक्तपुर, चितवन, दाङ, बाँके, कास्की, रूपन्देही रहेका छन् ।

हालसम्म ७७ जिल्लामध्ये मुस्ताङमा मात्र कोरोना संक्रमण देखिएको छैन । मन्त्रालयका अनुसार अहिले आईसीयू ३०१ र भेन्टिलेटर ६६ जनाको उपचार भइराखेको छ । तर, अहिलेकै अवस्थामा संक्रमित बढ्दै गएमा भेन्टिलेटरको अभाव हुने भएको छ । त्यसका लागि सरकारले अहिलेसम्म कुनै पहल गरेको छैन । नेपालीको पर्व दसैं तिहारबीच कोरोना भयावह हुने विज्ञहरूले चेतावनी दिइसकेका छन् । त्यसैले पनि सरकारले स्वास्थ्य पूर्वाधारमा ध्यान दिन जरुरी छ ।

## अलपत्रलाई निःशुल्क उद्धार गर्न आग्रह



■ योगेन्द्र योगी

**दोहा–** एनआरएन मध्यपूर्व भेलाले अलपत्र परेका नेपालीहरूलाई निःशर्त र निःशुल्क उद्धार गरी स्वदेश फर्काउन नेपाल सरकारसँग माग गरेको छ । 'गैरआवासीय नेपालीहरूको आजको आवश्यकता स्वास्थ्य सुरक्षा, सहज फिर्ती एवं रोजगारी, सामाजिक पुनर्स्थापनाको सुनिश्चिता' भन्ने नारा साथ भर्चुअल माध्यमबाट सञ्चालित दुईदिने भेला (१६ र १७ अक्टोबर २०२०) ले यस्तो निर्णय गरेको हो ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको आयोजनामा सम्पन्न सातौं मध्यपूर्व क्षेत्रीय भेलाले प्रवासमा अलपत्र परेका नेपालीहरूको उद्धार, स्वदेश फिर्ती, स्वदेशमा पुनर्स्थापना तथा रोजगारको ग्यारेन्टी, विदेशमा पुनः श्रम स्विकृती, वैदेशिक रोजगार कल्याणकारी कोषको उचित व्यवस्थापन र सदुपयोग, श्रमिकका जीवन रक्षालगायत गम्भीर विषयमा छलफल गरेको छ ।

भेलामा महिलाहरूले भोग्नु परेका पीडा, छिमेकी राष्ट्रलगायत तेस्रो मुलुक हुँदै विदेशमा नेपाली महिलाहरू बेचिनु पर्ने बाध्यता, महिला हिंसा, अन्याय, अत्याचार तथा सामाजिक विभेद्उपर समाजमा भइरहेका असामान्य घटनाक्रमको निराकरण सम्बन्धी र कोरोनाले प्रवासमा महिला श्रमिकमाथि पर्न गएको असर र यसको रोकथाम, उद्धार र पुनर्स्थापनासम्बन्धी घनिभूत छलफल भएको थियो ।

यस्तै गैरआवासीय नेपाली संघ अन्तर ाष्ट्रिय समन्वय परिषद्ले प्रस्ताव गरेको निःशुल्क सदस्यतालाई स्वागत गर्दै राष्ट्रिय समन्वय परिषद्हरूलाई संस्था सञ्चालनका लागि वैकल्पिक स्रोतहरू जुटाउन सहयोगका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग अनुरोध गरेको छ ।

भेलाले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ का कारण मध्यपूर्व क्षेत्रमा रहेका नेपालीहरू, गन्तव्य मुलुकमा रोजगारी गुमाएका साथै विभिन्न कारणले अलपत्र परेका जो नेपाल फर्कन चाहने नेपालीहरूलाई सहज तवरले निःशर्त र निःशुल्क उद्धार गरी स्वदेश फर्काउनका लागि नेपाल सरकारसँग अनुरोध गरेको छ ।

त्यस्तै, वैदेशिक रोजगारबाट फर्किएकाको पुनर्स्थापना र स्वरोजगारका लागि गैरआवासीय नेपाली संघ र नेपाल सरकारबीच स्वदेशमै रोजगार सिर्जना गर्न सहकार्य गर्ने तथा स्वदेश तथा गन्तव्य मुलुकबाट तय भएको हवाई भाडा दरमा सुलभ र सस्तो बनाउन नेपाल सरकारलाई अनुरोध गर्ने भेलाले निर्णय गरेको छ । गन्तव्य मुलुकमा रहेको राजदूताबासमा नै पुनः श्रम स्विकृति तथा बिमा नवीकरणको व्यवस्था मिलाउन र श्रम बैंक स्थापनासहित प्रत्येक कामदारको बैंक खाता खोल्न पहल गर्नुपर्ने पनि भेलाको निष्कर्ष छ ।

भेलाले बिप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगाउन सामूहिक लगानीमार्फत संघको एक सय मिलियन डलरको सामूहिक लगानीको कार्यक्रममा मध्यपूर्व क्षेत्रलाई पनि अभिप्रेरित गर्नुपर्ने माग गरेको छ । त्यस्तै वैदेशिक रोजगारमा आउने अदक्ष महिलाहरूका लागि आवश्यक आधारभूत तालिम र भाषागत ज्ञान अनिवार्य गर्ने र विदेशबाट फर्किएका नेपाली महिलाहरूलाई ससम्मान समाजमा पुनर्स्थापना गर्ने साथै मध्यपूर्व क्षेत्रमा रहेका घरेलु कामदारले सोही रोजगारदाताकोमा पुनः काम गर्न चाहेमा अभिलेखीकरण गरी श्रम स्विकृति दिन नेपाल सरकारसग अनुरोध गर्ने भेलाको निर्णय छ ।

त्यस्तै, विदेशबाट नै मताधिकार प्रयोग गर्न पाउने व्यवस्था मिलाउन नेपाल सरकारसँग संघले माग गर्ने भएको छ । त्यस्तै, संघसँगको सहकार्यमा सातै प्रदेशमा व्यावसायिक तालिम केन्द्रहरू स्थापना गर्न नेपाल सरकारसँग भेलाले माग गरेको छ ।

मध्यपूर्व जहाँ युवाहरूको बाहुल्यता भएको हुनाले युवाहरूमा आइरहने विभिन्न समस्या न्यूनीकरण गर्न र युवाहरूलाई संस्थाभित्र प्रोत्साहन गर्नका लागि युवा विभागलाई युवा राहत कोषको व्यवस्था गर्न संघसँग भेलाले अनुरोध गरेको तथा. वैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई अनलाइन स्वास्थ्य परामर्श र सचेतना सेवा अविलम्ब प्रदान गरिनुपर्ने र गैरआवासीय नेपाली संघ मध्यपूर्व क्षेत्रीय भेलाहरूले निष्कर्ष निकालेको छ ।

## दुर्घटनामा पाँच जनाको मृत्यु

**ओखलढुंगा(प्रस)–** ओखलढुंगा र उदयपुरको सिमानामा पर्ने भदौरे भिरमा स्कारपिओ दुर्घटना हुँदा पाँच जनाको दुर्घनास्थलमै ज्यान गएको छ ।

भैरहवाबाट ओखलढुंगातर्फ आउँदै गरेको बा२०च ७१७१ नंको स्कारपियो शनिबार राति सिद्धिचरण लोकमार्गअन्तर्गत उदयपुरको कटारी नगरपालिका-१४ को भदौरे भिरमा दुर्घटना भएको थियो । सो दुर्घटनामा पाँच जनाको घटनास्थलमै ज्यान गएको उदयपुरका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

उनका अनुसार मृतकमध्ये ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-९ माधवपुरका ४५ वर्षीय रामबहादुर सार्की र सोही ठाउँकै २६ वर्षीय कर्मे सार्कीको पहिचान खुलेको छ । बाँकी दुई पुरुष र एक महिलाको पहिचान खुलेको छैन ।

रिजर्भ गरेर गाउँ आएको हुनाले पहिचान नखुलेका अन्य तीन जना मृतक ओखलढुंगाकै हुन सक्ने प्रहरीको अनुमान छ । दुर्घटनामा अन्य तीन जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा ओखलढुंगाको मानेभञ्याङ-९ की २८ वर्षीया कुमारी सार्की, २२ वर्षीया कल्पना सार्की र चालक रूपन्देही त्रिगम्वा नगरपालिका-४ का २८ वर्षीय पनव खड्का गम्भीर घाइते भएका छन् ।



# दसैंमा सुनसान बसपार्क
# बस छन्, छैनन् यात्रु

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालीको महान पर्व दशैं सुरु भइसक्दा पनि चहलपहल छैन । न बजारको चहलपहल छ, न त बसपार्कमा यात्रु नै छन् । विगतका वर्षमा जस्तै चाडवाड मनाउन घर जाने यात्रु नहुँदा बसपार्क सुनसान बनेको छ ।

विश्वव्यापीरूपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९)को संक्रमणका कारण ६ महिनाभन्दा बढी बन्द रहेको सार्वजनिक यातायात एक महिनादेखि खुलेपनि यात्रु नहुँदा बसपार्क सुनसान छ । विगतका वर्षमा दशैंको समयमा गोँगबुस्थित नयाँ बसपार्क, कलंकी, कोटेश्वर, बल्खुलगायत क्षेत्रमा टिकट नपाएर यात्रुहरू घण्टौं बस कुरेर गन्तव्यस्थलसम्म पुग्ने गरेपनि यसपटक यात्रु नभएर बसपार्क क्षेत्र सुनसान बनेको हो । नयाँ बसपार्क सञ्चालन गरेको ल्होत्से बहुउदेश्यीय प्रालिले कोभिड-१९ को समयलाई सदुपयोग गर्दै नयाँ बसपार्कमा कम्प्युटर प्रणालीमार्फत टिकट बुकिङ खुला गरेपनि भीडभाड हुने दशैंको समयमा समेत यात्रुहरू छैनन् ।

ल्होत्से बहुउदेश्यीय प्रालिले बढी भीडभाड हुने क्षेत्र नयाँ बसपार्कमा कोरोना संक्रमण फैलन नदिन सामाजिक दूरी कायम गरेर प्रविधिको प्रयोगमार्फत टिकट बुकिङ गर्ने व्यवस्था गरेको थियो । प्रालिका मानव संशाधन प्रमुख पंकज मल्ल कोभिड-१९ को संक्रमणका कारण यस वर्ष घर जाने यात्रुमा




उत्साह नभएको बताउँछन् । उनका अनुसार विगतका वर्षमा घटस्थापनादेखि फूलपातीसम्म झण्डै दैनिक एक हजार हाराहारीमा सार्वजनिक यातायात नयाँ बसपार्कबाट बाहिरिने गरेपनि अहिले दैनिक २०० सवारी साधन बाहिरिँदै आएका छन् ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल अधिकांश यात्रु बन्दाबन्दी शुरु हुनुभन्दा पहिले नै घर गएका कारण दशैंको समयमा बसपार्क क्षेत्रमा यात्रुको चहलपहमा कमी आएको बताउँछन् । उनले भने, 'विगत एक हप्तादेखि उपत्यका बाहिरिने यात्रुको संख्यामा क्रमशः वृद्धि हुँदै गएको छ ।' विगतका वर्षहरूमा घटस्थापनादेखि फूलपातीको दिनसम्म दैनिक सरदर ८० हजारदेखि एक लाख यात्रु उपत्यका बाहिरिने गरे पनि यस वर्ष भने दैनिक १० देखि २० हजार यात्रु बाहिरिएको महाशाखाले जनाएको छ । ट्राफिक प्रहरीले चाडवाडको समयमा बढी भाडा लिने तथा यात्रुलाई अनावश्यकरूपमा दुःख दिने बस चालकको कारवाहीका लागि सादा पोशाकमा आठवटा टोली प्रहरी खटाएको छ ।

यस्तै, १४ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरेको छ । यातायात व्यवसायीहरू बन्दाबन्दीका कारण छ महिना थन्किएका सार्वजनिक सवारी साधन मर्मतसम्भार गरेर सञ्चालनमा ल्याए पनि यात्रु नहुँदा समस्यामा परेको बताउँछन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौला अधिकांश यात्रुहरू साना सवारी साधन रिजर्भ गरेर गन्तव्यस्थलसम्म गएका कारण पनि बसपार्कमा यात्रुको चहलपहल नभएको बताउँछन् । 'अधिकांश यात्रु बन्दाबन्दी हुनुभन्दा अगाडि नै घर गएका छन्, बाँकी रहेका सरकारले जहाँ छौं, त्यहीं दशैं मनाऊ भनेका कारण पनि बसपार्क क्षेत्र सुनसान छ', उनले भने ।

## साँघुरो कार्यालयले ग्राहकलाई सास्ती

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीको उत्तरपूर्वी भेगका करदाताले सास्ती बहोर्नु परेको छ । गोकर्णेश्वर नगरपालिकाको जोरपाटीमा खोलिएको आन्तरिक राजश्व कार्यालयमा स्थान अभावका कारण करदाताले सास्ती भोग्नुपरेको हो ।

यस क्षेत्रका काठमाडौं महानगरपालिका वडा नं ६ गोकर्णेश्वर, कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं १ देखि ६ सम्म र शङ्खरापुर नगरपालिकाका २४ हजारभन्दा बढी करदाताका लागि गत १ भदौदेखि जोरपाटीमा कार्यालय खोलिएको थियो । कार्यालय भाडामा लिँदा मूल सडकको भवनको तेस्रो तलामा लिइएको छ । यस्ता कार्यालय भित्री सडकमा खुला स्थान बढी भएका ठाउँमा लिने व्यवस्था मिलाउन सेवाग्राहीले माग गरेका छन् ।

कोरोना संक्रमणका कारण जारी बन्दाबन्दी र निषेधाज्ञाले यसअघि कर बुझाउन नपाएकाहरू एकैपटक कार्यालयमा आउँदा भीड भई मूल सडकदेखि नै लाममा बस्न थालेका छन् । जसका कारण कोरोना फैलने त्रास बढेको छ ।

कार्यालय भित्री सडक क्षेत्रको बढी क्षेत्रफल भएका स्थानमा लिएको भए कोरोनाका त्रासका बीचमा भीडमा लाम बस्नुनपर्ने शङ्खरापुर-१ नाङ्लेभारेका ज्ञानेन्द्र ढकालले बताए । मूल सडकको तेस्रो तलामा राजश्व कार्यालय छ । दोस्रो तलामा कर दाखिला गर्न तोकिएको प्रभु बैंक छ । करदाता बैंकमा राजश्व तिर्न लाम लाग्दा व्यापारिक भवनको माथिल्लो तलासम्म जानेहरूका कारण कोरोनाको त्रासका बीच भीड बढ्ने गरेको छ ।

साँघुरो भऱ्याङमा करदाता लाम लाग्ने र माथिल्लो तलामा रहेका कार्यालय एवं व्यवसायिक फर्ममा जानेहरूको दोहोरो आवतजावतले कोरोना संक्रमण हुने भय रहेको कागेश्वरी मनोहरा नगरपालिका वडा नं १ बाट कर तिर्न लाममा बसेका श्यामबहादुर तामाङले गुनासो गरे । विभागले उपयुक्त स्थानमा कार्यालय नराख्दा सेवाग्राहीले दुःख पाउनुपरेको लाममा बसेकाहरूको भनाइ छ ।

बैंकले दुई घण्टासम्म लाममा बस्दासमेत भौचर नदिँदा धेरै करदाता आक्रोशित हुने गरेका छन् । यसअघि चावहिलमा कार्यालय रहेका बेलाभन्दा कर बुझाउन असहज भएको छ । चावलिको कार्यालयमा पाँच मिनेटमा हुने कामका लागि जोरपाटीमा कार्यालय सरेपछि घण्टौं लाग्ने गरेको छ ।

काठमाडौं महानगरपालिका वडा नं ६ स्थित एपेक्स लाइफ स्कूलबाट कर तिर्न आएका शिक्षक प्रकाश भट्टराई बैंकमा भौचर लिनकै लागि घण्टौं लाममा बस्दा पनि पाउन नसक्ने, बैंकभित्र छिर्न नपाइने, भित्र ठाउँ खाली हुँदा पनि सुरक्षागार्डले बाहिरै लाम लगाउनेलगायत समस्या रहेको बताउँछन् ।

विभागले अनलाइनबाटै कर तिर्न सक्ने व्यवस्था गरे पनि करदाता शिक्षाको अभावका कारण धेरैले थाहा पाउन सकेका छैनन् । यसैकारण धेरै करदाता कार्यालयमै जम्मा हुन थालेका छन् । कार्यालयका प्रमुख कर अधिकृत राजुप्रसाद प्याकुरेल कोरोनाका कारण यसअघि करदाता कर तिर्न आउन नसकेकाले खुला भएका बेला भीड बढी भएको बताउँछन् ।

## रानीपोखरीको ५ कात्तिकमा खुल्दै

**काठमाडौं–** पुनर्निर्मित रानीपोखरीको उद्घाटन यही ५ कात्तिकमा हुने भएको छ । गोर्खा भूकम्पका कारण पूर्णरूपमा भत्किएको रानीपोखरी पुनर्निर्माण सम्पन्न भएकाले बुधबार उद्घाटन हुने भएको हो ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सम्पदाविज्ञ राजुमान मानन्धरका अनुसार उक्त दिन बिहान प्रतापमल्लकालीन न्हुँपोखरी उद्घाटन हुने छ । तीन सय ५२ वर्ष पुरानो सम्पदा भूकम्प गएको पाँच वर्षपछि पुरानै शैलीमा पुनर्निर्माण सम्पन्न छ । उद्घाटन भएसँगै यस वर्षदेखि तिहारमा सर्वसाधारणले रानीपोखरीका बीच भागमा रहेको बालगोपालेश्वर मन्दिरको समेत दर्शन गर्न पाउने भएका छन् ।

भूकम्पपछि पाँच वर्षसम्म हरेक वर्ष भाइटीकामा पोखरीमा रहेको पुलको मुखमा बालगोपालेश्वर मूर्तिलाई राखी दर्शन गर्ने गरिएको थियो । शुरुमा काठमाडौं महानगरपालिकाले पुनर्निर्माण गर्ने भने पनि कहिले पुरातत्व विभागसँग त कहिले कामपामा नै आन्तरिक कुरा नमिल्दा तीन वर्षसम्म पुनर्निर्माणको काम अघि बढ्न सकेको थिएन । अन्ततः पुनर्निर्माणको काम प्राधिकरणलाई जिम्मा दिइएको थियो ।

भूकम्प गएकै वर्ष २०७२ माघ २ गते राष्ट्रिय भूकम्प दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले भूकम्पले क्षति पुऱ्याएको सम्पदा पुनःनिर्माणको शुरुआत रानीपोखरीबाटै गरेका थिए । प्रताप मल्लका छोरा चक्रवर्तेन्द्रको निधनपछि रानीको चित्त बुझाउन विसं १७२७ मा रानीपोखरीको निर्माण गराएको शिलालेखमा उल्लेख छ ।

पोखरी बीचमा त्यसैबेला बालगोपालेश्वर मन्दिर स्थापना गरिएको हो । राजाले आफ्ना छोरा चक्रवर्तेन्द्रकै सम्झनामा यो पोखरी बनाएका हुन् । शुरुमा पोखरीको निर्माण करीब पाँच वर्षभित्र अर्थात् नेसं ७८९ ९विसं १७२५० मा सम्पन्न भएको थियो । नेसं ७९० ९विसं १७२७/इसं १६७०० मा शिलापत्र राखिएको थियो । पोखरीमा १०८ तीर्थको जल हालिएको इतिहासकार बताउँछन् । प्रताप मल्लले निर्माण गर्दा पोखरीको चारैतिर चार मन्दिर स्थापना गर्न लगाएको पाइन्छ । उत्तरपश्चिम कुनामा शक्तिसहितको भैरवको मन्दिर, उत्तरपूर्व कुनामा भैरवको मन्दिर, दक्षिणपूर्व कुनामा देवीको मन्दिर र दक्षिणपश्चिममा सोह्रहाते गणेश स्थापना गरेको देखिन्छ ।

रानीपोखरीसँगै ऐतिहासिक दरबार हाइस्कूल अर्थात् भानु माध्यमिक विद्यालयको पनि उद्घाटन गर्न राष्ट्र प्रमुखलाई अनुरोध गरिएको प्राधिकरणले जनाएको छ ।

## सञ्चार संस्थासँग सहकार्य गर्छु : सञ्चारमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले नेपाल पत्रकार महासंघसहितका सरोकार भएका संस्थासँग छलफल र सहकार्य गरेर अघि बढ्ने बताएका छन् ।

मन्त्री निवास पुल्चोकमा महासंघका पदाधिकारीसँग आइतबार भएको भेटमा उनले सञ्चार क्षेत्रको हित हुनेगरी आवश्यक नीति, कानून र संरचना निर्माण गरिने बताए । उनले प्रेस स्वतन्त्रताको संरक्षण, प्रवर्द्धन, स्वतन्त्र प्रेसको व्यावसायिक र संस्थागत विकास एवम् पत्रकारको पेशागत हितका पक्षमा आफू सदैव अडिग रहने स्पष्ट पारे ।

महासंघका अध्यक्ष गोविन्द आचार्यले मन्त्री गुरुङलाई सफल कार्यकालका लागि शुभकामना दिँदै सञ्चार क्षेत्रमा विद्यमान समस्या समाधानका लागि सरकारबाट हुनुपर्ने पहलबारे महासंघको धारणा प्रस्तुत गरेका थिए ।

कोभिड १९ पछिको अवस्थामा सरकार, श्रमजीवी पत्रकार र मिडिया सञ्चालकबीच गम्भीर छलफल र आपसी सहकार्य हुनुपर्ने उल्लेख गर्दै महासंघले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, आमसञ्चार नीति २०७३ अनुरूप कानून र संरचना निर्माण, सञ्चार क्षेत्रमा पुनःसंरचना गरी सघीयता र समावेशिताको कार्यान्वयन गर्न आग्रह गरेको थियो ।

## आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क- ९८४९२६८९८२)**

२०७७ कात्तिक ३ गते सोमबार
असोज कृष्ण तृतीया तिथि ।
सन् २०२० अक्टोबर १९ तारिख ।

| | |
|---|---|
| **मेष** | असफल काम बन्ने, झुटो आरोप । |
| **वृष** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मिथुन** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **कर्कट** | शत्रु पराजय, भ्रमण । |
| **सिंह** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **कन्या** | पारीवारीक सुख, सन्तान प्राप्ती । |
| **तुला** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **वृश्चिक** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **धनु** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **मकर** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **कुम्भ** | काममा जोशजागर, पठनपाठनमा प्रगती । |
| **मीन** | ज्ञान आर्जन, सन्तान सुख । |

### प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

### अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

### शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

### नेपाल राष्ट्र बैंक

कात्तिक ३ गते, २०७७ १९ अक्टोम्बर २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**गन्तव्यतर्फ दृष्टिविहीन** | काठमाडौंको चाबहिल-जोरपाटी सडकखण्डस्थित चुच्चेपाटीमा दशैंका लागि दाताले दिएको खाद्य सामग्री (राहत) बोकेर गन्तव्यतर्फ जान माइक्रो बस चढ्दै दृष्टिबिहीनहरू । महानगरीय प्रहरी कार्यालय काठमाडौंका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलको पहलमा उपत्यकाका विभिन्न क्षेत्रका असहाय, असक्त, अपांग तथा दृष्टिविहीनलाई यसरी राहत दिन थालिएको छ । तस्बिर : नारायण ढुङ्गाना

# प्रदेश १ मा दैनिक कोरोना संक्रमित थपिँदै

■ प्रभाव संवाददाता

**विराटनगर**–आइतबार प्रदेश १ मा ४७४ जना कोरोना संक्रमित थपिएका छन् । १ हजार ४६८ जनाको पीसीआर परीक्षण गरिएकोमा १४९ महिला र ३२५ पुरुषको रिपोर्ट पोजेटिभ आएको हो ।

पछिल्लो २४ घण्टामा प्रदेश १ मा १५ जना डिस्चार्ज भएका छन् । कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रबाट ७, मेची अस्पतालबाट ७ र होम आईसोलेसनबाट १ जना डिस्चार्ज भएका छन् । यससँगै हालसम्म डिस्चार्ज हुनेको संख्या ५ हजार ५७५ पुगेको छ ।

यससँगै प्रदेश १ मा कोरोना संक्रमित हुनेको संख्या १३ हजार ६५६ पुगेको छ ।

मोरङमा २६५, सुनसरीमा ९३, झापामा ५६, उदयपुरमा २९, इलाममा ७, संखुवासभामा ५, भोजपुरमा २, धनकुटा, तेह्रथुम, पाँचथर र ओखलढुङ्गामा १र१ र प्रदेश १ बाहिरका १३ जना संक्रमित थपिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार मोरङको विराटनगरमा १५४ जनामा संक्रमण देखिएको छ । संक्रमण पुष्टि भएकामा ५० महिला र १०४ पुरुष रहेका छन् । त्यस्तै सुन्दरहरैचामा २८, बेलबारीमा १९, कटहरी र पथरीशनिश्चरेमा १२र१२, बुढीगंगामा १०, रतुवामाईमा ७, ग्रामथानमा ६, कानेपोखरीमा ५, लेटाङमा ४, धनपालथानमा २, उर्लाबारी, जहदा, मिक्लाजुङ र रंगेलीमा १/१ र स्थानीय तह नखुलेका २ जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

सुनसरीको इटहरीमा ५७, इनरुवामा ९, रामधुनीमा ७, दुहवीमा ५, धरानमा ४, बर्जु र गढीमा २र२, हरिनगर, बराहक्षेत्र, भोक्राहानरसिंह र कोशी गाउँपालिकामा १र१ र स्थानीय तह नखुलेका ३ जनामा कोरोना संक्रमण पुष्टि भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

झापाको भद्रपुरमा १५, दमकमा १३, विर्तामोडमा १२, मेचीनगरमा ९, गौरादह र अर्जुनधारामा २र२, कमल, झापा गाउँपालिका र बाह्रदशीमा १र१जना संक्रमित भएका छन् ।

उदयपुरको कटारी र त्रियुगामा १३र१३, उदयपुरगढी, बेलका र चौदण्डीगढीमा १र१, इलामको इलाममा ४, फाकफोकथुम, माईजोगमाई र सुर्योदयमा १र१, संखुवासभाको चैनपुर र मकालु २र२, खाँदबारीमा १, भोजपुरको अरुण र भोजपुरमा १र१, धनकुटाको छथरमा १, तेह्रथुमको लाली गुराँसमा १, पाँचथरको फिदिममा १ र ओखलढुङ्गाको मानेभन्ज्याङमा १ र प्रदेश १ बाहिरका १३ जनामा संक्रमण देखिएको छ ।

# जिल्ला अस्पताललाई पिसिआर मेसिन

**कावासोती**–कोभिड-१९ परीक्षणका लागि अन्य जिल्ला स्वाब पठाउनुपर्ने बाध्यता हट्ने भएको छ । नलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीमा रहेको मध्यविन्दु जिल्ला अस्पतालमा पिसीआर मेसिन आएसँगै स्वाब परीक्षणलाई अन्यत्र जिल्ला पठाउनुपर्ने बाध्यता हट्ने भएको हो । शनिबार मध्यविन्दु जिल्ला अस्पताललाई पिसीआर मेसिन हस्तान्तरण गरिएको छ ।

हस्तान्तरण गरिएको मेसिन सञ्चालनमा आउन भने अझै एक महिना लाग्ने जिल्ला स्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशवप्रसाद चापागाईंले बताए । पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्नुपर्ने भएकाले मेसिन सञ्चालन गरी स्वाब परीक्षण गर्न करिब एक महिना लाग्ने उनले बताए ।

शनिबार सांसद तिलक महतले जिल्ला अस्पतालका व्यवस्थापन समिति अध्यक्ष गोपाल खनाललाई पिसीआर मेसिन हस्तान्तरण गरेका हुन् । सांसद महतको पहलमा स्वास्थ्य मन्त्रालयले जिल्लामा पिसीआर मेसिन पठाएको हो । मेसिनसँगै परीक्षण किट र आवश्यक अन्य स्वास्थ्य सामग्री पनि हस्तान्तरण गरिएको छ । करिब रु एक करोड बराबरको मेसिन र सामग्री उपलब्ध भएको सांसद महतले जानकारी दिए ।

सांसद महतले संघीय सरकारबाट पिसीआर मेसिन उपलब्ध भएको भन्दै मेसिन सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण र जनशक्तिको छिट्टै व्यवस्थापन हुने बताए । उनले बजेटका लागि कुनै चिन्ता लिनुनपर्ने बताए । उनले छिटोभन्दा छिटो काम गर्नसमेत अस्पताल प्रशासनलाई आग्रह गरे । नवलपुरवासीको मागलाई सरकारले सम्बोधन गरेर पिसीआर मेसिन उपलब्ध गराएको भन्दै उनले देशकै नमूना बन्ने गरी काम गर्न अस्पताल प्रशासनलाई आग्रह गरे ।

पिसिआर मेसिनका लागि स्थान व्यवस्थापन, जनशक्ति व्यवस्थापन, मेसिनको क्वालिटी परीक्षणलगायत काम गर्नुपर्ने भएकाले आउँदो मङ्सिरदेखि मात्रै मेसिनबाट परीक्षणको काम हुने जिल्ला अस्पतालका कोभिड-१९ फोकल पर्सन डा शिवराज न्यौपानेले बताए । मेसिन सञ्चालनका लागि चारवटा कोठाको आवश्यकता पर्ने उनले बताए । भाइरस बाहिर ननिस्कने गरी सुरक्षित ल्याबको निर्माण गर्नुपर्ने उनले बताए । अहिले दक्ष जनशक्ति पनि अस्पतालमा नभएकाले सबैको व्यवस्थापन गर्न अझै एक महिना लाग्ने उनको भनाइ छ । मेसिन सञ्चालनमा आएर आवश्यक जनशक्ति परिचालन हुनसकेमा दैनिक ४०० वटासम्म स्वाबको परीक्षण गर्न सकिने न्यौपानेले बताए । रासस

## भाउजूको हत्याका आरोपी खुना सार्वजनिक

**कञ्चनपुर (प्रसं)**–भाउज्यूको हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले पक्राउ परेका शुक्लाफाँटा नगरपालिका ८ का २४ वर्षीय मानसिंह खुनालाई सार्वजनिक गरिएको छ ।

प्रहरीले ३५ वर्षीया कलावतीको हत्याको आरोपमा मानसिंहलाई गत असोज २८ गते पक्राउ गरेको हो ।

कलावतीको शव सुनवरा नदी किनारमा खाल्डो खनेर गाडेको अवस्थामा भेटिएको थियो ।

उनीहरू दुवै सँगै माछा मार्न खोलामा गएका थिए ।

देवरसँगै खोलामा माछा मार्न गएकी कलावतीको शव नदीको किनारामा गाडिएको अवस्थामा फेला परेपछि मानसिंहलाई प्रहरीले पक्राउ गरेको थियो ।

प्रहरीले सार्वजनिक गरेका खुना कलावतीका देवर हुन् । उनले सुनवरा नदीमा माछा मार्न नदीमा पसेका अवस्थामा घाँटी च्यापेर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

# कैलाली असई हत्या प्रकरणमा ११ जना शंकास्पद पक्राउ



■ प्रभाव संवाददाता

**कैलाली**–कैलालीको मोहना नदी क्षेत्रमा भएको प्रहरी सहायक निरीक्षक (असई) गोविन्द विकको हत्या प्रकरणमा प्रहरीले ११ जना शंकास्पद व्यक्तिलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा त्यस क्षेत्रबाट सामान तस्करीमा संलग्न रहने गरेका व्यक्ति र विकसँग असन्तुष्ट समूहका सदस्यहरू छन् । अनुसन्धान प्रारम्भिक चरणमा रहेकाले पक्राउ पर्नेको नाम खुलाइएको छैन ।

सुदूरपश्चिम प्रदेशका प्रहरी प्रमुख डीआईजी उत्तमराज सुवेदीकाअनुसार पक्राउ परेका व्यक्तिमाथि अनुसन्धान थालिएको छ । मृतक विकको शव पनि निकालिएको छ, धारिलो हतियार प्रहार गरेर हत्या भएको हुनसक्ने देखिएको उनले बताए । उनले विस्तृतमा पोष्टमार्टम रिपोर्ट आएपछि मात्रै खुल्ने जानकारी गराए ।

विकसँगै शनिबार साँझ बा ५८ प ५२८४ नम्बरको मोटरसाइकलमा गस्तीका लागि निस्किएका प्रहरी रामबहादुर साउद अझै भेटिएका छैनन् । नदीमा खोजीका लागि सशस्त्र प्रहरी बलको गोताखोर टोली परिचालित भएको छ, नेपाल प्रहरीको टोली पनि खोजीमा खटिएको छ । असई विकले अस्थायी प्रहरी बिट, जुगेडाको नेतृत्व गरिरहेका थिए ।

# भक्तपुरमा सबै सरकारी कार्यालयका सेवा बन्द

**भक्तपुर**–जिल्ला प्रशासन कार्यालय भक्तपुरले आइतबारदेखि अत्यावश्यक बाहेकका सम्पूर्ण सेवाहरू अनिश्चितकालका लागि बन्द गरेको छ ।

काठमाडौं उपत्यकाभित्र कोभिड-१९ संक्रमितको जोखिम बढेको भन्दै अर्को सूचना जारी नभएसम्मका लागि अत्यावश्यक बाहेकका सबै सेवा बन्द गरिएको प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जानकारी दिए । पछिल्लो समय काठमाडौं उपत्यकामा कोभिड-१९ को संक्रमणको दर अत्यधिक बढिरहेकाले सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयमा सेवाग्राहीको भीडभाड अत्यधिक भई सेवाग्राहीमा समेत संक्रमण फैलन सक्ने अवस्था भएको उनले उल्लेख गरे ।

गत असोज २६ गते बसेको मन्त्रिपरिषद् बैठकले ५०० भन्दा बढी सक्रिय संक्रमित रहेको जिल्लाको कुनै पनि भागमा कुनै पनि सेवा रोक लगाउन सक्ने निर्णय गरेको थियो ।

जिल्लामा सक्रिय संक्रमितको संख्या एक हजार ९०० नाघेकाले जिल्लाभित्रका सम्पूर्ण सरकारी कार्यालयका अत्यावश्यक बाहेकका सेवा अर्को सूचना जारी नभएसम्मका लागि बन्द गरिएको जिल्ला प्रशासनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, सबै सरोकारवाला निकाय, स्वास्थ्य विज्ञ, सुरक्षा निकाय लगायतसितको छलफल, परामर्श एवम् निष्कर्षका आधारमा सेवा प्रवाह बन्द गरिएको हो । जिल्लाका नगरपालिकाहरूले समेत अत्यावश्यक बाहेकका सेवा बन्द गरेका छन् ।

चाँगुनारायण नगरपालिकाले कार्यालयका कर्मचारी र केही जनप्रतिनिधिमा कोरोना सङ्क्रमण बढेपछि अत्यावश्यक बाहेकका सेवा बन्द गरेको छ । नगरपालिका कार्यालयले आगामी १५ गतेसम्मका लागि कार्यालय खाले पनि सीमित कर्मचारीले अत्यावश्यक सेवा मात्रै दिने गरी व्यवस्था गरेको छ ।

यस्तै सूर्यविनायक नगरपालिकाले आफ्ना सबै कर्मचारीको स्वाब संकलन गरी कात्तिक २ देखि नगरपालिकाको अत्यावश्यक बाहेकका सबै सेवा बन्द गराएको छ । नगरपालिकाले स्वाब दिएका सबै कर्मचारीलाई होम क्वारेन्टिनमा राखेको छ भने कात्तिक १२ गते पुनः कर्मचारीको पिसिआर परीक्षण गरी १५ गते रिपोर्ट आएपछि मात्रै १६ गतेदेखि कार्यालय सञ्चालन गर्ने निर्णय गरेको छ ।

यसैगरी मध्यपुरथिमि नगरपालिकामा कर्मचारी र जनप्रतिनिधिलाई कोरोना संक्रमण भएपछि एक महिनादेखि अत्यावश्यक सेवा मात्रै सञ्चालन गर्दै आएको छ । नगरपालिकाले दशैं अगाडिसम्म अत्यावश्यकबाहेकका सबै सेवा बन्द गर्ने निर्णय गरेको छ ।

## गाडीको ठक्करबाट पदैलयात्रीको मृत्यु

**काठमाडौं(प्रस)**–काठमाडौं महानगरपालिका-२६ सामाखुसी चोकमा ना.६ ख ४०१६ नम्बरको गाडीको ठक्करबाट पैदलयात्री झापा पंचगाक्षी गाउँपालिका-४ घर भएका ३१ वर्षीय अशोक ताजपुरीयाको आइतबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका अशोकको त्रिवि शिक्षण अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।


**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

यस कम्पनीको मिति २०७७/०६/०१ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **रोयल भोकेशनल ट्रेनिङ्ग एकाडेमी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **मारिया मन्टेसरी टीचर्स ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.नं.२२९११७)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०६/०७ को निर्णय अनुसार नाम परिवर्तन गरिएको सूचना प्रकाशित गरिएको छ ।

**मारिया मन्टेसरी टीचर्स ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.नं.२२९११७)**
का.म.न.पा-२८, काठमाडौं, बाग्मती



खाना पकाउने ग्यास (एल.पी.ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

**अति आवश्यक जानकारी**


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा बिशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगल अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु:**



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयाग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउन सँधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**



१. खाना पकाउने स्थानमा एल.पि. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पदर्छ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । बिघुतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुरेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

'सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो'
उपभोक्ता जनहितका लाग जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



**नेपाल सरकार**
**श्री मालपोल कार्यालय चितवन, भरतपुरबाट प्रकाशित भएको**
**३५ दिने सार्वजनिक सूचना**

जिल्ला वारा प्रसौनी -७ बस्ने गुडी कुमारीका नाममा तपसिल बमोजिमको जग्गा दर्ता रही निजको जग्गाधनी पूर्जा र श्रेस्तामा पति, ससुरा र बाबुको नाउँ फरक परेकोले शंसोधन गरी पाउँ भनी बारा प्रसौन वडा नं.७ वस्ने गुडी कुमारीको यस कार्यालयमा निवेदन परी मिति २०७७/०६/२१ को आदेशअनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकको माग बमोजिम शंसोधन गरी दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए सप्रमाण म्यादभित्र उपस्थित भई दावी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

**तपशिल**

| गा.वि.स | वडा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| पंचकन्या | छ । ख | १६८३ | १३५.४४ | (यसमा निवेदकले आफ्नो नाममा दर्ता काय रहेको माथि उल्लेखित जग्गाको विवरणमा पति, ससुरा र बुवाको नाम क्रमशः छेदी प्रसाद, सिता शाह हुन गई नाम फरक परेको, पति पप्पु कुमार र बुवा छेदी प्रसाद र ससुरा पारस प्रसाद शाह कायम गर्न माग भएको ) |



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : RAKEEN FOOD TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७६/११/०२ | LT. No.233266 | चलानी नं. ६०१५२१६५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | GENERAL LABORS | 5 | 0 | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः कार्तिक ७ गते (23 Oct. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रोजगारदाता आफैले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# लाजभन्ने चिजको ख्याल गर

जनप्रतिनिधिहरूले यत्ति विकृति ल्याए कि लोकतन्त्रको खिल्ली उडाउने काम गरेका छन् । लोकतान्त्रिक गणतन्त्र जस्लाई आधुनिक युगको स्वर्णिम व्यवस्थाका रूपमा स्वीकार गरिरहेको अवस्थामा नेपालका जनप्रतिनिधिहरूले भने यो युगको खिल्ली उडाउने काम गरेका छन् । अहिले मुलुक कोरोनाले तहसनहस बनाएको अवस्था छ । अधिकांश श्रमिकहरूले रोजगार गुमाएर चाडबाडमा पनि दुई छाक खान धौ धौ भएको अवस्था छ । यता जनताले छाक काटेर तिरेको करमा जनप्रतिनिधिहरूले दसैँ भत्ता लिएर दुनियाँ हँसाउने काम गरेका छन् । लकडाउन र कोरोना महामारीले आक्रान्त भएको बेला जनप्रतिनिधिहरूले दसैँ भत्ता, बैठक भत्ता लिएर उनीहरूले स्वार्थ पूरा गर्ने तर जनताको चुल्हो बाल्ने वातावरण बनाउन नसक्नेहरू जनप्रतिनिधिका नाममा धब्बा भएका छन् ।

कोरोनाले जनताको घाँटी अँठ्याएको बेला उपचारका लागि भेन्टिलेटर किन्ने काम भएको छैन । स्वास्थ्य सामग्रीमा खर्च गर्न हिच्किचाउने सरकारले सांसदलाई दसैँ भत्ता बाँडन लाज लागेको देखिएको छैन । कोरोनाले दुई छाक टार्न नसक्नेहरूलाई सरकारले सहयोग गर्न सकेको छैन । अधिकांश सांसदहरूले दसैँ भत्ता, बैठक भत्ता लिइसकेका छन् । लाखौ भत्ता बाँड्नुको सट्टा भेन्टिलेटर खरिद गरेर जनताको जीउ, ज्यान बचाउनु पर्नेतिर सरकारको ध्यान गएको छैन । कतिपय प्रदेश सांसदहरूले आफूले मात्रै नभए, पिएमा नियुक्त गरेर छोराछोरी र श्रीमती, भतिजलाई पनि चाडबाड भत्ता खुवाएको समाचार बाहिर आएको छ । कानुनी रूपमा पिए राख्न पाउने भएपछि सांसदहरूले परिवारका सदस्यलाई नै नियुक्ती दिएर भत्ता लिने काम गर्दा पनि जनप्रतिनिधिहरूले लाजको महसुस गरेका छैनन् ।

त्यसो त सांसदहरूको लोभीपनका कारण मुलुक नै माथि उठ्न सक्ने अवस्था छैन । सांसद भछि सरकारी कोषबाट कोठाभाडा खर्च दिने गरी कानुन बनाइएको छ । यो कानुन राजधानीमा घर नहुने सांसदहरूका लागि उचित होलत तर राजधानीमै घर हुने सांसदलाई पनि घरभाडा दिने चलनले अन्ततः कानुनको छिद्र खोजेर राज्य कोष दोहन गर्ने काम स्वयं जनप्रतिनिधिहरूले गरेका छन् । संघीय र प्रदेश सरकारको कुरा गर्दैगर्दा स्थानीय तहका जनप्रतिनिधिहरूको अनियमितता झन् चर्को देखिन्छ । स्थानीय तहको कानुनलाई नै संशोधन गरेर स्थानीय सरकार प्रमुखहरूले भत्ता लिने काम गर्दा पनि लाज नपलाएकाले यो लुटले मुलुकलाई उभो लगाउने संकेत देखिएको छैन । जनप्रतिनिधिको दोहोरो सुविधाका लागि ऐन नै संशोधन गर्नु लाजको विषय हो भन्नेसम्म नजान्नेहरूलाई जनताले आफ्नो प्रतिनिधि चुनेकाले अब यस किसिमको जनप्रतिनिधिहरूको विकल्प खोज्नुपर्ने देखिन्छ । मुलुक कोरोनाले आक्रान्त भइरहँदा मुख्यमन्त्री, मन्त्री, सांसदको तलब बढाएर लिनु पक्कै पनि लाजको विषय बन्नुपर्ने हो । केही सांसदहरूले भत्ता फिर्ताको घोषणा गरेका छन् । तर, यसलाई कानुन नै बनाएर अघि ल्याउने हो कि ?



श्याम घिमिरे

# समय, नेकपा र सरकार

म प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको केन्द्रीय सदस्य रूपमा काम गरिहेको छु । यो आलेख लेखिरहँदा मलाई साढे दुई वर्षअघिको समय सम्झना आइरहेको छ । नेपालको लोकतान्त्रिक इतिहासमा नै बिपी कोइरालापछिको सर्वाधिक ठूलो जनमतसहित तत्कालीन एमाले अध्यक्ष केपी ओली दोस्रोपटक सरकारको बागडोर सम्हाल्न सिंहदारबार छिरे । आफैँले नागरिकमा देखाएका असंख्य सपनाको भारी, संसदमा आफू अनुकूलको जनमत, सडकमा लोकप्रियताको उचाइँ, सञ्चार माध्यमका हेडलाइन पनि ओली ओली मात्र । यस्तो दुर्लभ अवसर एक राजनीतिकर्मीको जीवनमा बिरलै प्रप्त हुने अलौकिक क्षण थियो । त्यसैमाथि पनि प्रमुख प्रतिपक्षभित्र सुरु भएको आन्तरिक विवाद सायद ओलीलाई अझै बढी राहत दिने खालको थियो ।

केही दिन भयो प्रधानमन्त्री ओली आफ्नो स्थिर भनेको मन्त्रिपरिषद्लाई १२औँ पटक हेरफेर गरे । साढे दुई वर्षमा १२ पटक मन्त्रीहरूको जिम्मेवारी हेरफेर केही बाध्यता, केही रहर पनि ।

यहाँ बाध्यताको कुरा धेरै नगरौँ, शेरबहादुर तामाङ ओलीको मन्त्रीमण्डलका पहिलो चरणका केही आसा लाग्दा अनुहार थिए तर उनी आफ्नै बोलीको कम, पार्टीभित्रको गुटबन्दीको बढी सिकार हुँदै मन्त्रीबाट बाहिरिनुपर्‍यो । रविन्द्र अधिकारीको निधन नियति थियो । त्यसमा हामी कसैले केही गर्न सक्ने अवस्था भएन । तर ओलीका प्रिय पात्र गोकुल बाँस्कोटा घुस मोलमोलाइको अडियो बाहिर आएपछि सिंहदरबारबाट बाहिर जानुपर्‍यो । अहिले उनलाई च्योख्याउन ठूलो कसरत भइरहेको देखिन्छ ।

हुन त संसदीय व्यवस्थामा मन्त्री कतिपटक फेर्ने र किन फेर्ने त्यो प्रधानमन्त्रीको निजी विषय हो । राम्रो काम गर्न नसक्ने वा जसको कामबाट आमजनता र स्वयं प्रधानमन्त्री पनि खुसी छैनन्, ती मन्त्री परिवर्तन हुनु स्वाभाविक मान्न सकिएला । बलियो भनिएको ओली नेतृत्वको सरकारले जुन मापदण्डमा मन्त्री फेरबदल गरेको देखिन्छ, त्यसले संसदीय व्यवस्थाजस्तो प्रधानमन्त्रीको अधिकार प्रयोग गरेको देखिन्न । न त राष्ट्रिय आवश्यकता अनुसार नै । केवल सत्तारुढ पार्टीभित्र त्यो पनि प्रधानमन्त्रीको निकट भनिएका केही मान्छेलाई सरकारी गाडी दिन र झन्डा हल्लाउन मात्र मन्त्री पद बाँडेकोबाहेक अरू आधारहरू देखिँदैनन् । अब आमनागरिकले प्रश्न गरिहेका छन्, ओली नेतृत्वको सरकारले भनेको स्थिर, सुशासन र समृद्धि भनेको यही हो ? सरकारको उदाशीनता र लापरबाहीको सूची साढे दुई वर्षमा नै निकै लामो भइसकेको छ । केहीको यहाँ चर्चा गर्न चाहन्छु ।

## कर्णालीमा नेकपाको कालो बादल

नेकपामा केन्द्रमा जति शक्तिशाली सरकार छ, अंक गणितका हिसाबले त्योभन्दा बलियो सरकार प्रदेशहरूमा छ । ७ मध्य ६ प्रदेशमा उसको सरकार दुई तिहाइ सुविधाको बहुमतमा बनेको छ । तर देश सरकारकै अकर्मण्यताले कोरोना महामारीको भूमरीमा फसिरहेको बेला कर्णालीमा नेकपाको कालो बादल किन देखियो ? कर्णली प्रदेश सम्भावना भएर पनि आजसम्म केन्द्रिकृत सरकारबाट विभेद्को सिकार भएको ठाउँ हो । त्यही ठाउँमा नेकपाले अझ भनौँ प्रधानमन्त्री ओलीको इसारमा जुन घिनलाग्दो नाटक मञ्चन भयो, त्यहीँबाट थाहा हुन्छ नेकपा कस्तो सरकार चलाउन योग्य पार्टी हो र उसका प्रथमिकता के के हुन भनेर । महामारीसँगै ठूलो संख्यामा युवाहरू खासगरी भारतबाट नेपाल आए, तीमध्ये अधिकांश कर्णाली प्रदेशका थिए । ती युवालाई गाउँमा काम कसरी दिने ? कसरी उद्यमशील बनाउने ? खासगरी कर्णालीको कृषि र पर्यटनमा कसरी लगाउने ? त्यसमा सहजीकरण गर्ने र त्यसमार्फत जनताको जीवन सम्पन्न बनाउन लाग्नुपर्ने सरकार यतिबेला स्वयं विपक्षी दलले समेत नमागेको बेला सरकार फेरबदलको घिनलाग्दो राजनीतिमा किन लागिरहेको छ ? के नेकपामा लागि काम गुमाएर महामारीमा ज्यान बचाउन संघर्ष गरिहरका नागरिकको कुनै मूल्य छैन ? नागरिकको जिउज्यान भन्दा केही थान मान्छको मन्त्री मुख्यमन्त्री हुने चहना उसका लागि ठूलो प्रथमिकता हो ?

अझ सुन्दा आश्चर्य लाग्यो, सत्तारुढ दल नेकपाबाट नै कर्णाली प्रदेशमा मुख्यमन्त्री छन् । तत्कालीन माओवादीका नेता महेन्द्रबहादुरी शाही मुख्यमन्त्रीका रूपमा कार्यरत छन् र त्यही अनुसारको सेवा सुविधा पनि लिइरहेका छन् । त्यही पार्टीका अर्का नेता यमलाल कँडेल विपक्षी दलको नेताको सुविधा भोग गरिरहेका छन् । संसारको कुन चाहिँ संसदीय व्यवस्थामा एउटै पार्टीको नेता मुख्यमन्त्रीको रूपमा झन्डा पनि हल्लाउने र त्यही पार्टीको अर्को नेता विपक्षी दलको सुविधा पनि लिएर बस्ने चलन रहेछ ? यो राज्यको स्रोतमाथिको सिधासिधा लुटबाहेक अरू के हो ? आम नागरिकले यस्तो कठिन बेला पनि आफ्नो छाक काटेर राज्यलाई कर तिरिरहेका छन् तर के जनताले तिरेको करबाट जम्मा भएको रकम के केही थान नेताको मोजमस्ती गर्न हो ? होइन भने आफ्नै पार्टीको नेतालाई कुन नैतिकता र हैसियतामा विपक्षी दलको नेताको सुविधा दिइयो र लिने काम गरियो । यो भ्रष्टाचार मात्र नभएर म नै राज्य हुँ भन्ने अठारौँ शताब्दीका लुई साह्रौँको जस्तो अराजक गतिविधि पनि हो । त्यसमा पनि विकास, शिक्षा, स्वास्थ्य, सडक सञ्जाल सबै हिसाबमा पछिपरेको प्रदेशमा सत्ताधारीको यो तहको ब्रह्मलुट सभ्य समाजका लागि कसरी स्विकार्य होला ? यसमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तुरुन्त छानबिन गरी कारबाहीको प्रक्रिया अघि नबढाउने हो भने यो रोगकै रूपमा फैलिने सम्भावना छ ।

## खोई स्थिरता

सत्ताधारी नेपाल कम्युनिस्ट पार्टीले देशको शासन सत्ताको बागडोर चलाएको साढे दुई वर्ष भयो । यहाँ प्रधानमन्त्रीले दुई वर्षमा रेल चलाउँछु, यति गते पानीजहाज कलकत्ता जाँदै छ, टिकट काटेर आउनू, घरघरमा पाइपमार्फत ग्यास पुर्‍याउँछु भनेर गरेको भाषणको चर्चा गर्न चाहन्न किनभने यी सबैका हुनै नसक्ने काम होइनन् तर ओलीजस्तो शासकसँग माथि उल्लेख गरिएका काम गर्न सक्ने न क्षमता छ न योग्यता नै । न त यो भाषण गर्दा उनले कुनै विषयविज्ञसँग छलफल गरेर भनेका थिए । यो त केवल भोट बढाउने उपायको खोजीमा बोलिएका भाषण हुन् । तर जनताले पत्याए र उनलाई भोट पनि दिए । भोट दिने जनतालाई पनि थाहा थियो, ओली भाषणअनुसारको काम गर्ने नेता होइनन् । तर त्यही चुनावी भाषणमा पनि एउटा कुरा भने नागरिकले पत्याएका थिए, त्यो हो ५ वर्षका लागि स्थिर सरकार र सुशासन ।

सातदशक लामो राजनीतिक संक्रमणले आजित भएका जनता कम्तीमा पाँच वर्ष एउटा सरकार चलेमा बेथिति हुँदैन कि, थोरै भए पनि काम हुन्छ कि भन्ने ठूलो आसा थियो । त्यही कारण दुई कम्युनिस्ट दलको चुनावी गठबन्धनलाई मत दिए र शासन शत्तामा राखे । नेपाली कांग्रेसले मात्र होइन केही राजनीतिक विश्लेषक र बुद्धिजीवीहरूले सुरुमै भनेका थिए, ओलीको नेतृत्वमा न विकास सम्भव छ, न राजनीतिक स्थिरता र सुशासन । हिजो कांग्रेसले भन्दा सत्ता छोड्नु पर्दाको छटपटी भन्नेहरू आज के भनिरहेका छन् । के देशले खोजेको स्थिरता यही हो ? जुन नेकपामा पनि ओली गुटका लागि श्रीवृद्धिबाहेक देश र जनतालाई धोका मात्र भइरहेको छ ।

सामान्य अवस्थामा होइन, विश्व नै महामारीबाट गुज्रिरहेका बेलामा औषधि र स्वास्थ्य सामग्री ल्याउन पनि भाइभतिजा र नजिकका व्यापारी पोस्ने काम कुन चाहिँ जनउत्तरदायी सरकारले गर्छ ? स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार भयो भनेर सबैले भने तर प्रधानमन्त्रीले सोझै भएको छैन भने । यति ठूलो अनियमितताको प्रश्न उठेको विषयमा हो, होइन भन्ने अधिकार प्रधानमन्त्रीलाई संविधानको कुन धाराले दियो ? सुन काण्ड, वाइडबडी कण्ड कुनै विषयको पनि छानबिन हुनुअघि नै प्रधानमन्त्री आफैँ सफाइ दिन्छन्, अदालत, अख्तियार सबै उनी नै हुन् जस्तो । के यही हो देशले खोजेको स्थिरता ?

मलाई यो विषयमा पनि हेक्का छ, यदि साँच्चै देश स्थिरतातर्फ जान नसक्ने हो र सुशासनको सामान्य अनुभूति नहुने हो भने त्यो लोकतन्त्रका लागि मात्र होइन देशकै लागि दुर्भाग्य हुनेछ । तर यति भनेर एक भ्रष्ट सरकारका सबै गतिविधिमा आँखा चिम्लिएर बस्ने हो भने, देशको हालत के होला ?

## किन मौन छ नागरिक समाज ?

लोकतन्त्रमा संसदभित्र प्रतिपक्ष हुन्छ नै अहिले पनि छ । जनताले यतिबेला सरकारलाई खबरदारी गर्ने दायित्त्व कांग्रेसलाई दिएका छन् । यो पनि स्वीकार गर्नुपर्छ प्रतिपक्ष भएर हामी कांग्रेसजनले जति गर्नुपर्ने हो त्यो गर्न सकेका छैनौँ होला । तर जननिर्वाचित सरकारलाई गुण र दोषका आधारमा आलोचना गरौँ, सभ्य लोकतान्त्रिक विरोध र खबरदारी गरौँ भन्दाभन्दै केही कमजोरी पनि छन् त्यो कांग्रेसले अब तरुन्त सुधार्ने छ । तर प्रश्न अर्को छ । अहिले हामीले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्र हो । यो व्यवस्था ल्याउन दलहरू मात्र लडेका होइन । दलहरूभन्दा एक कदम अघि भएर आन्दोलन गर्ने नागरिक समाज कहाँ छ ? राजा महाराजाका विरुद्ध बोल्न सक्ने नागरिक समाज ओली कुशासनका विरुद्ध किन बोल्न सकिरहेको छैन । मौन नागरिक समाज भयो र सदनमा प्रतिपक्ष कमजोर भयो भने एक खराब शासनका लागि आफैमा उत्सव हुन्छ । अहिलेको अवस्था पनि त्यही हो ।दुभार्ग्य त के छ भने यस्तो समयमा पनि सरकारले गरेका यी सबै बेथितिबारे सबै जानकार छन् । हामी विपक्षी दल जानकार छौँ, नागरिक समाज जानकार छ । स्वयं नेकपाभित्र पनि झिनो स्वरमा भए पनि आज उठेको छ । यी सबै आजावहरू अझ पुगेको छैन । आमनागरिकले अझ बढी खबरदारी नगर्ने हो भने जनता रोग र भोकले सडकमा नै मरे पनि यो सरकार आफ्नो रवैया फेर्ने पक्षमा देखिँदैन । किनकि यो सरकारलाई शक्ति र सत्ताको मात लागेको छ । रातोपाटी

मननयोग्य

# विदुर नीति

अग्लो शरीर, ठूलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सर्तक दृष्टिले उनले सबैतिर हेरे र नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे । केही समयपछि फेरि घोषणा भयो- राज्यशिरोमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल - बगलमा नवयौवनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरएकी मोहनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनासाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो - पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मसखमण्डल, मदिराले लट्ठ भएजस्तँ दुई आँखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयं प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भूईंमा ती सुन्दरी माछा उफ्रेजस्तै उफ्री- उफ्री नाचिरहेकी छन् । उनको शरीरमा हाड नै छैनन् भन्नेजस्तै भान परेको छ । धेरै नाचिसकेपछि थाकेकी ती सुन्दरीले राजालाई ढोगिन् । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउँझेजस्तै - जागेजस्तै) याँके । यसका सँगसँगै त्यसरुढोगिन् । नन्दले असर्फीले भरिएको थैलि नर्तकीतिर दरबारमा बसेका सबैले रूपैयाँको भेटी चढाए, रूपैयाँ नै रूपैयाँको बिस्कुनझैं त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको क्रेध उनको मुखमा प्रकट भइरहेन्थ्यो । सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाइँ गरेका भए त्यो आँधी रोक्नसक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाइँ नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किनकि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सञ्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोष कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यत्ति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ, मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । मगधका लागि म आफैँ राजाको खोजी गर्नेछु ।

पत्र-मञ्जुषा

# दसैँको टीकालाई प्रतिष्ठासँग नजोड

**सम्पादकज्यू,**

हिजो राजाले जनतालाई टीका लगाइदिँदा सामन्तवाद भयो भनेर कराउनेहरू आज राष्ट्रपति, प्रधानमन्त्री बनेका छन् । उनीहरूले पनि जनतालाई भन्दै टीका लगाइदिने गरेका छन् । के हो यो ? आखिर कुर्सी नपाएर न रहेछ, कुर्सी पाएपछि उनीहरूमा दम्भ पलाउन नै रहेछ त । अहिले खासगरी राष्ट्रपति र प्रधानमन्त्रीले टीका लगाइदिने चलनलाई स्थापित गर्न खोजेको पाइन्छ । हिजो राजाको चालढाल देखेर यसविरुद्ध जनता उराल्नेहरूले राजाको भन्दा बढी खर्च गरेर टीका लगाइदिने काम गरिरहेको देख्दा जनतामा निरासा पैदा भएको छ । त्यसो त दसैँमा टीका लगाइदिने प्रथालाई राष्ट्रपति र प्रधानमन्त्रीले प्रतिष्ठासँग जोडेर लगेका छन् । हिजो टीकाको नाममा राजाले राज्यको ढुकुटीबाट यत्तिकै खर्च गरेकै हुन्, आज त राष्ट्रपतिले मात्र नभएर प्रधानमन्त्रीले पनि टीका लगाइदिँदा जनताले गाँस काटेर तिरेको करको दुरूपयोग गर्ने हुनाले शासन व्यवस्था परिवतनले केही फरक पारेको देखिएको छैन ।

साँच्चै जनताका पक्षधरहरू राष्ट्रपति, प्रधानमन्त्री बनेका हुन् भने यो टीका लगाइदिने प्रथा बन्द गरिनुपर्छ । पूर्वराजाले टीका लगाइदिने कुरा ठूलो भएन, किनभने हिजो पनि राजाको परिवारमा चलेकै हो, तर आज छोटेराजाहरूले पनि राजाकै नक्कल गर्दा देशको ढुकुटी दोहन नहोस् भन्ने हो । यसपालि कोरोना भाइरसको महामारीका कारण पूर्वराजा ज्ञानेन्द्र शाहले सर्वसाधारणलाई टीका नलगाइदिने भएका छन् । तर, राष्ट्रपति र प्रधानमन्त्रीले पनि सर्वसाधारणलाई टीका नलगाइदिने भनेर समाचार आउँदा हिजो राजाको विरोध गरेको सुन्नेहरूको रौँ ठाडा-ठाडा भएको छ । राष्ट्रपति कार्यालय र प्रधानमन्त्री कार्यालयले सर्वसाधारणलाई टीका नलगाउने औपचारिक घोषणा गर्न बाँकी छ । जुन शासन आउँदा पनि राजाभन्दा बढी खर्च हुने गरी पाल्नु पर्ने भएपछि राजा फाल्नुको अर्थ के ? हिजो एक जना राजा पाल्न नहुने भन्ने नेताहरू आज मुलुकले हज्जार जना राजा पाल्नुपर्दाको पीडा जनतामा देखिन लागेको छ ।

कोरोना भाइरसका कारण सर्वसाधारणलाई टीका नलगाउने तयारी गरिरहेको बताइएको छ । राष्ट्रपतिले सर्वसाधारणलाई टीका लगाउने प्रथा बसाउनुको अर्थ के ? दिनभर काम गरेर बेलुका र बिहान छाक टार्न नसक्दा कतिपयले आत्महत्या गरेका छन् । सर्वसाधारणलाई टीका होइन, गरी खाने वातावरण दिनुपर्छ । हो, आ-आफ्नो रीतिरिवाजअनुसार टीका लगाउनुपर्छ तर हिजोको राजाको शैलीमा सर्वसाधारणलाई टीका लगाएर आफू शक्तिमा भएको अरुलाई देखाउन होइन । यो वर्ष कोरोनाले रोकेको छ, अब यसलाई राष्ट्रपति र प्रधानमन्त्रीले यो सामन्तीवादलाई हटाएर अघि बढ्नुपर्छ । जनतालाई टीका होइन, पेट भर्ने गरी खानका लागि वातावरण मिलाउनु जनताका लागि उत्तम हुने भएकाले टीकालाई पदको दम्भसँग जोड्नु अनुचित देखिन्छ ।

- देवेन्द्र भण्डारी, तनहुँ ।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# गैंडा मृत्युको कारण खोज्न सुरु



**चितवन**-प्राकृतिक कारणबाट गैंडा मर्ने क्रम बढेपछि चितवन राष्ट्रिय निकुञ्जले मृत्युको कारण खोज्न समिति गठन गरेको छ ।

निकुञ्जले सहायक संरक्षण अधिकृत ऋषि रानाभाटको संयोजकत्वमा राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख डा बाबुराम लामिछाने र त्यहींका भेटेरिनरी डा अमिर सडौला सदस्य रहेको समिति बनाएको छ । संयोजक रानाभाटका अनुसार समितिको बैठक बसेर अध्ययनका विषयबारे छलफल अघि बढाइएको छ ।

गैंडा मरेका क्षेत्रमा केही दिनमा स्थलगत अध्ययन गरिने तथा बृहत् छलफल र विगतका तथ्यांकहरूको अध्ययन गरी कारण पहिचान गरिने रानाभाटले जानकारी दिए । चालु आर्थिक वर्षमा हालसम्ममा एउटा गैंडा चोरी सिकारका कारण तथा आठ गैंडा प्राकृतिक कारणले मरेका छन् । अधिकांश गैंडा कसरादेखि पश्चिमतर्फको क्षेत्रमा मरेका थिए । रानाभाटका अनुसार गैंडा मरेका ठाउँको स्थलगत अध्ययनसँगै हरेक गैंडाको मृत्युका कारणको खोजी, बासस्थानको अवस्थालगायत बारेमा अध्ययन गरिने छ ।

यसअघि पनि निकुञ्ज विभागका उपमहानिर्देशकको संयोजकत्वमा गठित टोलीले प्राकृतिक कारणबाट गैंडा मर्नुको कारणको अध्ययन गरेको थियो । निकुञ्जमा प्राकृतिक कारणबाट गैंडा मर्ने क्रम बढेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक प्रेमनारायण कँडेलको उपस्थितिमा भएको बैठकले स्थानीय स्तरमा समिति गठन गरी गैंडा मृत्युका कारण खोजी गर्ने निर्णय गरेको थियो । निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालका अनुसार प्राकृतिक कारणले गैंडा मर्ने क्रम बढेपछि त्यसको न्यूनीकरणका लागि उपायहरूको खोजी गर्न लागिएको हो ।

मुख्य रूपमा गैंडा बाढीले बगाएर, दलदलमा फसेर तथा एक अर्कोसँग जुधेर मर्ने गरेका छन् । बाढीले बगाएका गैंडाको फोक्सोमा पानी जमेको भेटिने गरेको छ । नदी किनारका मानव निर्मित तटबन्ध पनि बाधक बन्ने गरेका छन् । नदीले बगाएका गैंडा तटबन्धका कारण सबै ठाउँबाट सहज नदी बाहिर आउन नसक्दा समस्या हुने गरेको उहाँले बताउनुभयो । नदीले बगाएर गण्डक बाँध पार गरेपछि गैंडा बाहिर आउन कठिन हुने गरेको छ ।

गत वर्ष प्राकृतिक कारणले निकुञ्जमा २६ गैंडा मरेका थिए । अघिल्लो आर्थिक वर्षमा यो सङ्ख्या ४३ थियो । सन् २०१५ मा निकुञ्जमा गरिएको गणनाअनुसार यहाँ ६०५ गैंडा रहेका छन् । त्यसयता गैंडा स्थानान्तरण र बाढीका कारण केही घटेका छन् भने प्रजनन भएर केही बढेको अनुमान छ । हरेक चार-चार वर्षमा गैंडा गणना गरिन्छ । गत आर्थिक वर्षमा गैंडा गणना कोरोनाका कारण रोकिएको थियो । यस वर्ष गैंडा गणना गर्ने कार्यक्रम रहेको निकुञ्जले जनाएको छ । रासस

# भूमिगत पहिरोले विद्यालय विस्थापित

**म्याग्दी**–म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानीमा रहेको किसानी माविको भवन भत्किएपछि विद्यालय विस्थापित भएको छ । भूमिगत पहिरोका कारण विद्यालयका भवन भत्किएपछि पठनपाठन सञ्चालन र प्रशासनिक गतिविधि प्रभावित भएको छ । कोरोनाको जोखिमका कारण वैकल्पिक माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो ।

भवन भत्किएपछि विद्यालयमा सिकाइ क्रियाकलाप सञ्चालन गर्न नसकिएको प्रधानअध्यापक ध्रुवबहादुर भण्डारीले बताए । 'भवनको समस्याले विद्यार्थीलाई चार समूह बनाएर टोलटोलमा शिक्षक पुगेर सिकाइ क्रियाकलाप सञ्चालन गरिएको छ', उनले भने, 'विद्यालय खुलीहाल्यो भने भवनमा पठनपाठन गर्न सक्ने अवस्था छैन ।'

गत असार अन्तिम हप्ताको भीषण वर्षाका कारण विद्यालय रहेको ढाडटोलमा जमिन धाँजा फाटेर चिराचिरा परेको थियो । भूमिगत पहिरोले जमिन विस्तारै चिराचिरा पर्ने र धाँजा फाट्ने क्रमसँगै भवन भत्किएको हो । विद्यालयमा भएका २० कोठे कक्षाकोठा भवन र छ शौचालयका भवन भत्किएका छन् । जमिनको सतह नमिलेपछि चिराचिरा परेर पर्खाल भत्किने, छानो खस्ने गरेको छ । कुनै पनि भवन बस्न योग्य छैनन् । ढाँडटोलका करिब ७५ घरधुरी पनि सो पहिरोका कारण जोखिममा परेका छन् । बाहिर नदेखिए पनि भित्रभित्रै जमिन बगेर बस्ती नै बस्नका लागि अयोग्य भएको स्थानीयवासीले बताएका छन् ।

कक्षा १० सम्मको पठनपाठन हुने किसानी माविमा २२५ विद्यार्थी छन् । पुरानो ठाउँको भवन, खेलमैदान पहिरोले छियाछिया बनाएपछि धारापानीकै किमको बोट भन्ने ठाउँमा विद्यालय स्थानान्तरण र भवन पुनःनिर्माणका लागि जग्गा जुटाएको व्यवस्थापन समितिका अध्यक्ष किरन थापाले बताए । चक्रबहादुर थापा र पूर्णबहादुर थापाले पाँच रोपनी जग्गा विद्यालयलाई निःशुल्क उपलब्ध गराएका छन् । मूल सडकदेखि जग्गामा पुग्ने ठाउँसम्म सहायक सडक पुऱ्याउन स्थानीय होमबहादुर थापा, रामबहादुर थापा, दानबहादुर थापा, प्रकाश पुर्जा, खिमदल थापा, सूर्य थापा, चन्द्रबहादुर थापा, अर्जुन थापा र राजन थापाले जग्गा दिने घोषणा गरेका छन् ।

चार मिटर फकाकिलो बाटो बनाउन जग्गा दिएको हो । गाउँपालिकाले विद्यालय भवन स्थानान्तरण र पुनःनिर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेको जनाएको छ ।

**नमूना आवासीय विद्यालयको छात्रावास भवन**

समुदाय, स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ शिख र धवलागिरि गाउँपालिका-७ शिवाङमा नमूना आवासीय विद्यालय सञ्चालन गर्न छात्रावास भवन निर्माण शुरु भएको छ । भौगोलिकरूपमा विकट क्षेत्रका बालबालिकालाई विद्यालयमै खानेबस्ने सुविधासहित अध्ययनको व्यवस्था गराउन सामाजिक विकास मन्त्रालयको अवधारणाअनुसार आवासीय विद्यालय सञ्चालन गर्न लागिएको हो ।

अन्नपूर्णको शिख र धवलागिरिको हेम माविमा आवासीय विद्यालय सञ्चालनका लागि प्रदेश सरकार र पालिकाको साझेदारीमा छात्रावास भवन निर्माण शुरु भएको हो । दुईवटै विद्यालयमा गत वर्ष ६०/६० लाख पठाएको सामाजिक विकास मन्त्रालयले यस वर्ष दुई/दुई करोड विनियोजन गरेको छ । प्रदेश सरकारले पठाएको ६० लाख र गाउँपालिकाले विनियोजन गरेको ५० लाख गरी शिख माविको छात्रावास भवन बनाउन एक करोड १० लाखको ठेक्का आह्वान भएको थियो । ८१ लाख ४० हजार ९७१ मा गत जेठमा सम्झौता गरेको उत्तरगङ्गा निर्माण सेवाले दशकोठे भवनको ढलान गरिसकेको अन्नपूर्ण गाउँपालिकाका इञ्जीनियर ईश्वरबहादुर भण्डारीले बताए ।

गत हप्ता पालिकाका जनप्रतिनिधि, प्राविधिक र विद्यालयका प्रतिनिधिको रोहवरमा ठेकेदारले भवन ढलान गरेका थिए । नमूनाको रूपमा ढलानमा प्रयोग भएका सिमेन्ट, बालुवा र गिट्टीको गुणस्तरसमेत परीक्षण गर्न लागिएको इञ्जीनियर भण्डारीले बताए ।

हेम माविको १० कोठे छात्रावास भवन निर्माणका लागि एक करोड एक लाख ९० हजार ८८६ मा ठेक्का पाएको माछापुच्छ्रे निर्माण सेवाले काम शुरु गरेको धवलागिरि गाउँपालिकाका इञ्जीनियर सोबिन जिसीले बताए । सो भवन निर्माणका लागि एक करोड २० लाख ७८ हजार ५२२ लागत अनुमान गरिएको थियो । छात्रावासमा अपायक पर्ने घर टाढा भएका विद्यार्थीलाई खानेबस्ने सुविधाको व्यवस्था हुनेछ ।

यस वर्ष प्रदेश सरकारले विनियोजन गरेको दुई करोड, गाउँपालिकाको ३० लाख र समुदायको ३० लाख बजेटमा आवासीय विद्यालयको थप पूर्वाधार निर्माणको तयारी भएको शिख माविका प्रअ केदार कार्कीले बताए । कक्षा १२ सम्मको पठनपाठन हुने शिख माविमा हाल १८९ विद्यार्थी छन् ।

आवासीय सुविधा भएपछि घर टाढा भएका विद्यार्थीलाई सुविधा पुग्नुका साथै कम विद्यार्थी संख्या भएका विद्यालयलाई गाभ्न सकिने प्रअ कार्कीले बताए ।

# फिर्ता गर्दैं दसैं भत्ता

**हेटौंडा**-बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्मकट्टेल र प्रदेश सभा सदस्य शोभा शाक्यले दशै भत्ता बराबर आउने एक महिनाको तलब फिर्ता गरेका छन्।

मन्त्री जम्मकट्टेलले आईतबार सामाजिक सञ्जाल मार्फत जानकारी दिँदै दशैं भत्ता कोरोना भाईरस रोकथाम कोषमा जम्मा गर्ने बताएका हुन् । उनल भनेका छन्, 'देश कोरोना भाइरस संक्रमणबाट आक्रान्त भइरहेको बेलामा नेपाली समुदायले मनाउने महान चाडपर्वहरूको सुरुवात भएको छ ।

यस्तो भयावह अवस्थामा मनाउने चाडपर्व खर्चको रूपमा बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रीको हैसियतले आउने एक महिना बराबरको थप तलब नलिने र बागमती प्रदेश कोरोना भाइरस रोकथाम कोषमा जम्मा गर्ने जानकारी गराउन चाहन्छु ।'

यस्तै प्रदेश सभा सदस्य शोभा शाक्यले पनि आफ्नो दशै भत्ताको रूपमा आउने एक महिना बराबरको तलब कोभिड १९ कै उपचार कोषमा दाखिला गर्ने जनाएकी छन् । सामाजिक सञ्जालमार्फत उनले भनेकी छन्, 'मासिक तलब स्वतः खातामा आउने गर्दछ । बागमती प्रदेश सरकारले तलब सँगसँगै दशैं भत्ता पनि सांसदहरूको खातामा दाखिल गरिसकेको छ। मेरो खातामा आएको सो रकम मैले फिर्ता गर्ने जानकारी गराउन चाहन्छु । दशैं खर्च बापतको सो रकम कोभिड १९ को स्वास्थ्य कोषमा दाखिला गर्न समेत हार्दिक अनुरोध गर्दछु । उनले सबै सांसदहरूलाई दशैं भत्ता फिर्ता गर्न र प्रदेश सरकारलाई सबै अनावश्यक खर्च कटौती गरी कोभिड १९ नियन्त्रण र उपचारमा लगाउन पनि आग्रह गरेकी छन् । अन्य केही प्रदेश सभा सदस्यहरूले पनि प्रदेश सरकारले सीधै खातामा हालिसकेकोले फिर्ता गर्ने बताएका छन् । त्यस्तै नेकपा नेता तथा सांसद भीमबहादुर रावलले आफ्नो दसैं भत्ता फिर्ता गर्न संसद सचिवालयलाई पत्र लेखेका छन् । संसद सचिवालयका महासचिवलाई पत्र लेखी रावलले आफ्नो दसैं भत्ता फिर्ता हुने व्यवस्था गर्न आग्रह गरेका हुन् । 'यदि मेरो खातामा जम्मा भइसकेको रकम हाल त्यस सचिवालयले फिर्ता लिन कठिनाई हुने भएमाभत्ता बराबरको म बाट चेक लिएर वा मेरो आगामी महिनाको पारिश्रमिकबाट सो रकम कट्टी हुने गरी जुन त्यस सचिवालयलई सहज हुन्छ सोही अनुरूप गर्नुहोला' रावलले पत्रमा लेखेका छन् ।


## Galchhi Rural Municipality
## Office of the Rural Municipal Executive
**Baireni, Dhading, Bagmati Province, Nepal**

## Invitation for Bids

**First date of publication of notice, 2020/10/19**

1. Galchhi Rural Municipality Office invites electronic bids from eligible bidders for this year project for construction of **Syaltar-Dyunipokhari-Suntar-Fusremata-Dharmadwar-Paudwar-Barbhajyang sadak Starnnoti tatha Gravel, Ghimirethumka-Machedi-Palangkharka Hudai Ward no. 5 Jodne Bato Starnnoti** and **Dumre Archale Sadak Starnnoti Ward No. 2** works of Galchhi Rural Municipality at Baireni, Dhading under National competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Galchhi Rural Municipality Office, Baireni, Dhading, Bagmati Province, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The complete set of bid documents may be downloaded (for e-submission) form PPMOs Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee as mentioned below and scanned copy of written application. Along with the copy of company/firm registration certificate, tax clearance certificate up to FY 077/78 and other necessary document till office hour of 31th day (2020/11/18) of publication of notice of bidding document in the Rural Municipality's Sanchit kosh account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Global IME Bank, Baireni branch, Dhading**
   **Name of Office: Galchhi Rural Municipality Office Sanchit Kosh account Account no: 8104010000004**
4. Per-bid meeting shall be held at **Galchhi Rural Municipality Office, Baireni, Dhading,Bagmati Province, Nepal,** at 2:00 PM on 19th day **(2020/11/06)** of publication of notice.
5. Electronic bids must be submitted to the office Galchhi Rural Municipality Office, Baireni, Dhading, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 31st day (2020/11/18) of publication of notice. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2:00 pm on 31st day (2020/11/18) of publication of notice at the Galchhi Rural Municipality Office, Baireni, Dhading, Bagmati Province, Nepal. Bids must be valid for a period of **90 (Ninety) days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting as specified below which shall be valid for 30th days beyond the validity period of the bid Information to deposit the bid amount in Bank:
   **Name of the Bank: Global IME Bank, Baireni branch, Dhading**
   **Name of Office: Galchhi Rural Municipality Office, G3 Dharauti Khata**
   **Account No:8101010000191**
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsever.
9. Bidders must submit the original copies (Hard Copy) of mandatory document to Galchhi Rural Municipality, Baireni, Dhading, Bagmati Province, Nepal, within the **Seven days** after the last date of Bid submission. Non submission of the hard copy by the bidders with in the specified time shall be considered as non- responsive and may cause for forfeiture of bid security.
10. Matters not covered by this notice shall be in accordance with Bid document, PPA and PPR.
11. Eligibility Criteria:

a) The prospective bidders should be technically & financially sound registered with Govt. of Nepal as specified in the bid documents.

Bidding Documents may be submitted by a single company or joint venture.

| Contract no./ ID | Description of Works | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) | Estimated Amount (Without VAT) |
|---|---|---|---|---|
| GRM/NCB/ 06/2077/078 | Syaltar-Dyunipokhari-Suntar-Fusremata-Dharmadwar- Paudwar-Barbhajyang sadak Starnnoti tatha Gravel | 5,00,000/- | 3,000.00/- | 1,73,21,778.93/- |
| GRM/NCB/ 07/2077/078 | Dumre Archale Sadak Starnnoti Ward No. 2 | 2,50,000/- | 3,000.00/- | 86,63,627.30/- |
| GRM/NCB/ 08/2077/078 | Ghimirethumka-Machedi-Palangkharka Hudai Ward no. 5 Jodne Bato Starnnoti | 2,50,000/- | 3,000.00/- | 86,63,014.22/- |

**Chief Administrative officer**




## इशाको दिलको ड्राइभर

अमेरिकामा बस्दै आएकी इशा कार्कीद्वारा संगीतबद्ध 'दिलको ड्राइभर' बोलको गीत श्रोतामाझ आएको छ । गीतमा इशा र अमृतजंग कुंवरको स्वर छ । उक्त गीतको भिडियोमा हाँस्य कलाकार पवन खतिवडा 'म्याकुरी' र कञ्चन खड्काको अभिनय रहेको छ । भिडियोलाई मनोज बिष्टले निर्देशन तथा टेकेन्द्र शाहले सम्पादन गरेका हुन् ।





# बेनिशाको 'भाँडाकुटी'




■ प्रभाव संवाददाता


**काठमाडौं–** घटस्थापनाको दिन पारेर शनिबार नयाँ फिल्म घोषणा गरिएको छ । दृष्यालय सिनेमा प्रालिको ब्यानरमा निर्माण गर्न लागिएको फिल्म 'भाँडाकुटी'को शनिवार राजधानीमा सामाजिक दुरी कायम गर्दै एक कार्यक्रमबीच औपचारिक घोषणा गरिएको हो ।

फिल्ममा अभिनेत्री बेनिशा हमाल र कलाकार मुकुन भुषाललगायतको अभिनय रहने फिल्म भएको छ । 'भाँडाकुटी' आउँदो फागुनमा वुटवल आसपासका ठाउँमा छायाँकन गरिने बताइएको छ ।

बैवाविक परिवेशसहितको सामाजिक कथामा निर्माण हुन लागिएको फिल्मलाई किरण बिकले निर्देशन गर्दैछन् । किरण बिककै कथामा कमल खड्काले फिल्म निर्माण गर्न लागेका हुन् ।

ओस्कार फिल्म कलेज पास आउट भएका युवाहरूको समूह फिल्ममा हाबी छ । २०७८ साल लक्षित गरेर फिल्मलाई निशल पौडेलले खिच्ने भएका छन् । फिल्ममा राजकुमार दर्जीको कोरियोग्राफी र भिम बिकको सम्पादन रहने छ । फिल्ममा गोपाल आचार्य एशोसियट डाइरेक्टर रहनेछन् । झण्डै एक करोड लगानीमा बन्ने भनिएको 'भाँडाकुटी'मा समाजको कथालाई नयाँ ज्ञानसहित फिल्म बनाउने उद्देश्य रहेको निर्देशक किरणले बताए ।

# असीमको क कविताकृति




■ प्रभाव संवाददाता

**काठमाडौं–** कवि असीम सागरको कविताकृति 'क' सार्वजनिक भएको । विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को बढ्दो संक्रमणका कारण औपचारिक कार्यक्रमबिनै पुस्तक आइतबार सार्वजनिक गरिएको हो । असीम सागर साधारण नेपाली जनताका कवि रहेको पत्रकार एवं कवि रूपेश श्रेष्ठले बताए । उनका कविताले सडकका नागरिकको कथा भन्ने उनको भनाइ छ । 'देखेर र भोगेर कविता लेख्नुमा ठूलो अन्तर हुन्छ ।

असीम सागरको कवितासंग्रह 'क'मा भोगेर लेखेका कविता छन्,' उनले भने, 'सरल भाषामा यति ओजपूर्ण कविता लेख्न सकिन्छ, त्यो पनि सुन्दर कविता लेख्न सकिन्छ भन्ने उनले प्रमाणित गरेका छन् ।'

पछिल्लो समय आइरहेका कवितासंग्रहमा 'क' फरक किसिमको लागेको फाइनप्रिन्टका सहसंस्थापक नीरज भारीले बताए । सरल एवं सरस किसिमका कविता लेख्ने सागरको यो कृतिमा सामान्यभन्दा सामान्य जनका दुःख, पीडा अनि समाजमा व्याप्त बेथिति एवं विसंगतिलाई घतलाग्दो किसिमले प्रस्तुत गरिएको उनको भनाइ छ । यति ओजपूर्ण कृति प्रकाशन गर्न पाउनु आफूहरूका लागि खुसीको विषय रहेको उनले बताए ।

जीवनमा आइपरेका घटना र विभिन्न अनुभवबाट निःसृत भावलाई नै कविताका रूपमा प्रस्तुत गरेको र यो पुस्तक जन्मिएको लेखक असीम सागरले बताए । उनले भने, 'जीवन बाँच्दै जाँदा कैयौं पटक चोइटिएको छु । भाँच्चिएको छु । दुखेको छु,' उनले भने, 'तिनै दुखाइ र असन्तुष्टि नै मेरा कविताका अंश हुन्, जसलाई आफ्नै आँसुको मसीले लेखेको छु ।' यसरी आफूजस्तै दुखेका हजारौं मानिसका साझा सन्तुष्टि र दुखाइ नै यो कविताकृति 'क' रहेको उनले बताए । कविहरू प्रायः कविता मसीले लेख्ने गर्छन् । तर, असीम सागर आफ्ना कविता पसिनाले लेख्छन् । तपतप खसेका आँसुका डोब र कसैले बोलिदिए हुन्थ्यो भनेर बोल्न नसकिएका आवाज उनी कवितामा उतार्ने कोसिस गर्छन् । उनका कविता आग्रह गर्छन्, मजदुरहरूले मुट्ठी उठाऊन् । अँध्यारोमा बसेकाहरूले उज्यालो खोजून् । सपना नदेखेकाहरूले सपना देखून् । र लागून्, सपना र उज्यालो प्राप्तिको यात्रामा । झेन कविता झैं लाग्ने उनका रचनामा आम मान्छेका भोगाइ, जीवन, मृत्यु र प्रेमका चित्र भेटिन्छन् ।

आम मानिसका भोगाइ एवं जीवनबारे कविता लेख्न रूचाउने कवि असीम सागर नेपाली कविताको क्षेत्रमा परिचित नाउँ हो । जून पोखिएको रात र अस्तित्वका आवाजहरू (गजलसंग्रह) प्रकाशन गरिसकेका उनले खडानन्द मनमाया स्मृति पुरस्कार, जोगमाया चापागाईं गजल पुरस्कार, भावतरङ्ग साहित्य सम्मान (सिक्किम), बसिबियाँलो साहित्य सम्मान (कालेबुङ)जस्ता पुरस्कार एवं सम्मान पाएका छन् ।

# आस्थाको यानी माया



■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित गायिका आस्था राउतको एल्बम 'आधार-२' मा रहेको गीत 'यानी माया'को भिडियो सार्वजनिक भएको छ । उक्त गीतमा सुरेश अधिकारीको शब्द तथा संगीत छ भने गीतमा महाराज थापाको एरेन्ज छ ।

भिडियोमा कविता नेपाली, गौरव विष्ट, श्रीमाला तामाङ र निमा श्रेष्ठ फिचर्ड छन् । हिमाली इन्फ्रा टिमको निर्देशन, छायाँकन र सम्पादन रहेको भिडियोमा हरिबहादुर राउत र म्यूजिक नेपालको लगानी छ ।

भिडियोमा अनिमा लामाको कोरियोग्राफी छ । भिडियो म्यूजिक नेपालको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।



# राखेप बोर्ड बैठक दसैंपछि मात्र



■ प्रभाव संवाददाता

**काठमाडौं** – राष्ट्रिय खेलकुद परिषद् (राखेप)को बोर्ड बैठक दशैं पछि मात्र बस्ने भएको छ । उपत्यकामा कोरोना संक्रमण बढेको भन्दै बोर्ड बैठक दशैं पछि मात्र बस्ने युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले संख्या धेरै भएकाले दशैं अघि बोर्ड बैठक बस्ने सम्भावना नरहेको बताए ।

'दशैं अघि बोर्ड बैठक बस्न गाह्रो हुने देखिन्छ । संख्या पनि ठुलो छ । कोरोनाको संक्रमण समेत बढेको छ । दशैंको मुखमा बैठक बस्दा संक्रमण फैलने डर हुन्छ ।' विश्वकर्माले भने । उनले दशैं पछि मात्र बोर्ड बैठक बस्न सकिने अवस्था रहेको बताए ।

मन्त्रीपरिषद्को २९ गते बसेको बैठकले राखेपका ९ जना बोर्ड सदस्य नियुक्त गरेको थियो । प्रधानमन्त्री केपी ओलीले राखेपको बोर्ड सदस्यमा हरी खड्का, मानदेव हजारा, पुरेन्द्र लाखे, राजेश गुरुङ, मोहमद सागिर शेख, नन्दा बस्याल, एकेन्द्र कुँवर, चन्द्रबन्दना राई, सुमित्रा चौधरीलाई मनोनित गरेका थिए ।

यस्तै परिषद् अध्यक्षको रूपमा खेलकुद मन्त्री जगत विश्वकर्माले खेलकुद संघको सिफारिसमा रेनुका श्रेष्ठ र सुवर्णा श्रेष्ठलाई नियुक्त गरेका थिए ।

नयाँ राष्ट्रिय खेलकुद विकास ऐन अनुसार खेलकुद मन्त्री विश्वकर्माले साउन १५ गते ६ जना बोर्ड सदस्य नियुक्त गरेका थिए । मन्त्री विश्वकर्माले बोर्ड सदस्यको रूपमा रिम रानाभाट, इन्दिरा निरौला, गोविन्द भट्टराई, अर्जुन केसी, सम्पन्न श्रेष्ठ र सुवास श्रेष्ठलाई मनोनित गरेका थिए । नयाँ ऐनले ३७ सदस्यीय राखेपको बोर्डको परिकल्पना गरेको छ । मन्त्रीपरिषद्ले नयाँ ऐन अनुसार राखेप सदस्य सचिवमा रमेश सिलवाल र उपाध्यक्षमा शिव कोइरालालाई नियुक्त गरिसकेको छ ।

खेलकुद ऐन अनुसार परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्ने उल्लेख छ । सदस्य सचिवले अध्यक्ष अर्थात खेलकुद मन्त्रीसंगको परामर्शमा परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक हुनु ७ दिन अघि सबै सदस्यलाई पठाउनुपर्ने उल्लेख छ । बोर्डले मुख्य रूपमा परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ऐनमा उल्लेख छ । ऐन कार्यान्व्यनमा आएको झण्डै ४ महिना बित्न लाग्दा समेत बोर्ड बैठक बस्न सकेको छैन ।

बोर्ड बैठकको ढिलाईले परिषद्को कार्यकारी समिति निर्माणदेखि वार्षिक कार्यक्रम तथा बजेट समेत पास हुन सकेको छैन । नयाँ ऐनले राखेप सञ्चालनको जिम्मेवारी ७ सदस्यीय कार्यकारी समितिलाई दिएको छ ।

सदस्य सचिव संयोजक रहने कार्यकारी समितिमा मन्त्रालयका खेलकुद महाशाखा प्रमुख र राखेपका प्रशासन विभाग प्रमुख पदेन सदस्यको रूपमा रहन्छन् । कार्यकारी समितिको बाँकी ४ सदस्यमा परिषद् अध्यक्षको रूपमा खेलकुद मन्त्रीले कम्तीमा एक महिला सहित दुई जना र परिषद्ले कम्तीमा एक महिला सहित दुई जना सिफारिस गर्ने उल्लेख छ । आगामी बोर्ड बैठकले परिषद्को कार्यकारी समितिमा रहने २ सदस्यको विषयमा समेत निर्णय लिनेछ ।

# भर्चुअल हाप्किडोको स्वर्ण नुवाकोटका गुरुङलाई

■ प्रभाव संवाददाता

**काठमाडौं** – दोस्रो राष्ट्रिय भर्चुअल हाप्किडो च्याम्पियनसिपमा नुवाकोटका दिनेश गुरुङले स्वर्ण पदक जितेका छन् । २४ देखि २९ असोजसम्म चलेको भर्चुअल च्याम्पियनसिपको लङफलतर्फ दिनेशले स्वर्ण जितेका हुन् । यस विधामा कास्कीका राजकुमार परियार दोस्रो र काठमाडौंका प्रकाश मोक्तान तेस्रो बने ।

कोरोना भाइरस (कोभिड १९) महामारीका कारण नेपाल मार्शल आर्ट्स हाप्किडो संघले 'भर्चुअल' रूपमा आयोजना गरिएको यस प्रतियोगितामा खेलाडीहरूले पठाएको भिडियो हेरेर निर्णायकहरूले आफ्नो निर्णय दिएका हुन् । हाईफल तर्फ काठमाडौंका आशिस तामाङले स्वर्ण जिते । नुवाकोटका समीर गुरुङले रजत र दाङका बिपत सुनारले कास्य जिते । सेल्फ डिफेन्सतर्फ दाङको टोलीले स्वर्ण जित्यो । स्वर्ण जित्ने टोलीमा गंगा घर्तीमगर, सोमराज बिष्ट, शिसिर चौधरी, अस्मिता महरा, गणेश केसी र रीता सुनार रहेका छन् । यस्तै, काठमाडौंको टोली दोस्रो र नुवाकोटको टोली तेस्रो बन्यो ।

काठमाडौंको टोलीमा अम्बिका तामाङ, आशुँ शाह, अनिशा तामाङ, आयूशा तामाङ, सानुमाया तामाङ र डोल्मा लामा रहेका थिए । यस्तै, तेस्रो हुँने नुवाकोटको टोलीमा रन्जिता गुरुङ, शर्मिला गुरुङ, यमराज गुरुङ र राजाराम गुरुङ रहेका छन् ।

डेमोन्स्ट्रेसनतर्फ कृती गिरी, अन्जना परियार, मोनालिसा मल्ल, शितल नेपाली, अनिशा परियार, बिकिसा गुरुङ रहेको कास्कीको टोली पहिलो बन्यो । यस्तै, पश्चिम रुकुमको टोली दोस्रो तथा प्यूठानको टोली तेस्रो बन्यो ।

पूर्वी रुकुमको टोलीमा चेतन वली, निशा बस्नेत, माधव ओली, सुस्मिता श्रेष्ठ र शिसिर भण्डारी तथा प्यूठानको टोलीमा सुमिता केएम, फउडी खत्री, अरुण योगी, सीता खड्का, जीवन परियार, सीता पुन मगर रहेका छन् ।

# ब्याडमिन्टन खेलाडी सीतालाई सहयोग



■ प्रभाव संवाददाता

**काठमाडौं** – ब्याडमिन्टन खेलाडी सीता राईलाई राष्ट्रिय खेलाडी कल्याणकारी कोषले उपचारका लागि सहयोग गरेको छ । कोषका सदस्य-सचिव समेत रहेका नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले सीता उपचाररत अस्पाताल ट्रमा सेन्टरमा गइ आइतबार सीतालाई एक लाख २५ हजार बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

प्रशिक्षणका दौरान घुँडामा चोट लागेको सीताको डा. सरोज राईको नेतृत्वमा उनको शल्यक्रिया पनि भइसकेको छ । सीतालाई आइतबार डिस्चार्ज पनि गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

# अमेरिकी, इजरायली कूटनीतिज्ञ बहराइन प्रस्थान



**जेरुसेलम**–इजरायलसँग बहराइनको कुटनीतिक सम्बन्धका बारेमा छलफल गर्न इजरायली-अमेरिकी कुटनीतिज्ञको एक टोली आइतबार बहराइनतर्फ प्रस्थान गर्न लागेको छ ।

गत महिना इजरायल र बहराइनबीच सम्बन्ध सामान्यीकरण गर्ने विषयमा सहमति भएको थियो । आइतबारदेखि हुने इजरायली-अमेरिकी कुटनीतिज्ञको संयुक्त टोलीले बहराइनी अधिकारीसँग विभिन्न विषयमा सम्झौता गर्ने अपेक्षा गरिएको छ ।

अमेरिकी अर्थमन्त्री स्टिभन मन्चिन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका राष्ट्रिय सुरक्षा सल्लाहकार मायर बेन-शाबातले आ-आफ्ना मुलुकका कुटनीतिज्ञको नेतृत्व गर्दै छन् ।

उनीहरू इजरायलको तेल अभिभस्थित बेन गुरिओन विमानस्थलबाट बहराइन प्रस्थान गर्नु हुने इजरायली अधिकारीले बताएका छन् । इजरायलको व्यावसायिक विमान सेवा एल अलको फ्लाइट ९७३ ले साउदी अरेबियाको हवाई क्षेत्र हुँदै मनामा प्रस्थान गर्नेछ ।

नाम नबताउने शर्तमा एकजना इजरायली कुटनीतिज्ञले बहराइनसँग कुटनीतिक दौत्य सम्बन्ध स्थापनालाई यस भ्रमणले औपचारिकता दिने जानकारी दिए ।

गत महिना, सम्बन्ध सामान्यीकरणसम्बन्धी सम्झौता भएयता इजरायल र बहराइनका पदाधिकारीबीच सहयोगका विविध विषयमा छलफल गर्न मनामामा आयोजित समारोहका लागि पहिलो पटक व्यवसायिक उडान भएको थियो ।

इजरायल र बहराइनबीच कुटनीतिक सम्बन्ध स्थापना गर्ने विषयले प्यालिस्टिनी समुदायमा आक्रोश बढाएको छ । प्यालिस्टिनी नेताले इजरायलसँग सम्बन्ध जोडेका बहराइन र संयुक्त अरब इमिरेट्सका नेताले प्यालिस्टिनीलाई धोका दिएको आरोप लगाएका छन् ।

प्यालिस्टिनी स्वतन्त्र राष्ट्र घोषणा नहुँदासम्म इजरायलसँग दौत्य वा अन्य सम्बन्ध स्थापना नगर्ने यसअघिको अरब राष्ट्रको पूर्वअडानबाट दुई मुलुक पछि हटेको प्यालिस्टिनीहरूको भनाइ छ । सम्झौता अनुसार दुई मुलुकले इजरायलसँग सम्बन्ध सामान्यीकरण गरेसँगै एकअर्काका मुलुकमा राजदूतावास खोल्ने र राजदूत नियुक्त गर्नेछन् । इजरायली अधिकारीका अनुसार अर्को महिनासम्ममा बहराइनमा इजरायलले राजदूतावास खोल्नेछ । (रासस/एपी)

# भारतमा कोभिड-१९ संक्रमितको संख्या ७४ लाख ९४ हजार नाघ्यो

**नयाँ दिल्ली**–भारतमा आइतबार कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितको संख्या ७४ लाख ९४ हजार नाघेको छ । आइतबार बिहानसम्म प्राप्त समाचारअनुसार भारतमा कोरोना सङ्क्रमित संख्या ७४ लाख ९४ हजार ५५२ भएको छ । यस सङ्क्रमणबाट ज्यान गुमाउने व्यक्तिको संख्या एक लाख १४ हजार ३१ जना पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

भारतमा गत २४ घण्टामा ६१ हजार ८७१ जनामा थप सङ्क्रमण देखिएको र कोरोना सङ्क्रमणको कारण एक हजार ३३ जनाको मृत्यु यहाँको परिवार तथा स्वास्थ्य मन्त्रालयलले जानकारी दिएको छ ।

अझै पनि भारतभरी सात लाख ८३ हजार ३११ व्यक्ति सक्रिय सङ्क्रमित रहेका छन् । कोरोनाको सङ्क्रमण देखापरेयता हालसम्म ६५ लाख ९७ हजार २१० जना सङ्क्रमित व्यक्ति कोरोना भाइरस मुक्त भएका छन् । सङ्क्रमणमुक्त भएकाको संख्यामा भारत अग्रस्थानमा रहेको छ । भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या अहिले आठ लाखभन्दा कम भएको छ । यसअघि नौ, दश लाख सङ्क्रमित रहने गरेकोमा अहिले घटेर आठ लाखभन्दा कम भएको अधिकारीले जनाएका छन् ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिबार दिएको जानकारीअनुसार पछिल्लो ४५ दिनयता सङ्क्रमित अवस्थामै रहेकाको यो सङ्ख्या अहिलेसम्मकै कम हो ।

कोरोनाको सङ्क्रमण भारतमा शनिबारसम्म नौ करोड ४२ लाख २४ हजार १९० व्यक्तिलाई कोरोना भाइरस भएको या नभएको परीक्षण गरिएको भारतीय मेडिकल रिसर्च काउन्सिल (आइसीएमआर)ले जानकारी दिएको छ । जोन्स हकिन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार कोरोना भाइरसको सङ्क्रमणको कारण विश्वभरि हालसम्म ११ लाख भन्दा बढीको मृत्यु भएको छ, ।

विश्वभरि महामारीका रूपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) का कारण विश्वमा तीन करोड ९९ लाख ५९ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन् । कूल सङ्क्रमितमध्ये दुई करोड ९८ लाख ६१ हजार ७६५ जना सङ्क्रणमुक्त भइसकेको विश्वविद्यालयले जनाएको छ । (रासस/सिन्ह्वा)


**Aandhikhola Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Krishi, Syangja**
**Gandaki Province, Nepal**

**Invitation for Bids for Upgrading Of Shahare Arghaudi Sirubari Road**

**Contract Identification No: ANDH-W-NCB-SS-06-2077-78**
**Date of publication: 19 October 2020**

1. Aandhikhola Rural municipality *has allocated funds* towards the cost of upgrading work and intends to apply part of the funds to cover eligible payments under the ***Contract Identification No:-*** **ANDH-W-NCB-SS-06-2077-78** Bidding is open to all eligible Nepalese Bidders.
2. ***Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive*** invites electronic bids from eligible bidders for the **Upgrading Of Shahare Arghaudi Sirubari Road** under National Competitive Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 24.5 (Twenty four & half ) millions excluding VAT.***
   - Minimum Work experience of similar size and nature: ***Successfully or substantially completion of one Road upgrading project having with the value of 13 (Thirteen) millions excluding VAT.***
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rural municipal executive, krishi Syangja. office Website: www.aandhikholamun.gov.np, mailing address: andhikholarm@gmail.com, Telephone no:063 - 413001,413002 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may download from PPMO's website: www.bolpatra.gov.np/egp by eligible bidders and must submit their bids only electronically through www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of NRs. 3000.00 (Three thousand) of biding documents in the office Rajashwa (Revenue) Account as specified below and the scanned copy (PDF format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:**NIC Asia Bank Limited, Krishi, Aandhikhola, Syangja
   **Name of Office :***Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Setidovan, Krishi, Syangja*
   **Office Code no. :** Revenue Heading Ga-1.1
   **Office Account no.: 2342050028676002; Rajaswa Shirshak**
5. Bidder who wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in account No.- Dharauti N4CA052540052402 (ga-3) Account Name : Ga-3 Dharauti of Aandhikhola Rural Municipality., Syangja
6. Pre-bid meeting shall be held at **Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive,Krishi Syangja at 01 November, 2020,** Time:- **13.00 hrs**
7. Electronic bids must be submitted to the ***Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi Syangja*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12.00 hrs*** of ***19 November 2020.*** Bids received after this deadline will be rejected.
8. Bids will be opened in the presence of Bidders' representatives who choose to attend on ***19 November 2020*** *at* ***13.00 hrs*** *in the* ***Office of rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi Syangja.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs.460,000.00 ( Four hundred Sixty Thousands)**, which shall be valid for 30 days beyond the validity period of the bid. Total approved estimated Cost for this road upgrading work is **NRs. 18,888,504.45 With VAT & PS**.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their revisions).

**Chief Administrative Officer**


# विश्वमा कोभिड-१९ संक्रमितको संख्या तीन करोड ९५ लाख नाघ्यो

**वासिङ्टन**–विश्वमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितको संख्या तीन करोड ९५ लाख नाघेको जोन्स हप्किन्स विश्व विद्यालयले दिएको पछिल्लो अपडेटमा जनाएको छ ।

उक्त विश्वविद्यालयका अनुसार विश्वभरी तीन करोड ९५ लाख दुई हजार ९०९ जना कोभिड-१९ सङ्क्रमित भएका छन् । यस सङ्क्रमणको कारण विश्वभरी ११ लाख छ हजार ७०५ व्यक्तिको मृत्यु भएको पनि सो विद्यालयले जानकारी दिएको छ । यसैबीच विश्वभरी रहेका कुल सङ्क्रमितमध्ये दुई करोड ७१ लाख ४८ हजार ९२७ व्यक्ति कोरोना भाइरस मुक्त भएका बताइएको छ । कोरोना भाइरसको कारण सबभन्दा बढी प्रभावित देश संयुक्त राज्य अमेरिकामा ८० लाख ८६ हजार ७८० व्यक्ति सङ्क्रमित रहेका छन् ।

कोरोना सङ्क्रमणबाट सबैभन्दा धेरै नागरिकको मृत्यु हुने देशमा पनि अमेरिका पर्दछ । उक्त विश्वविद्यालयका अनुसार कोरोना सङ्क्रमणबाट अमेरिकामा दुई लाख १८ हजार ८० जनाको मृत्यु भएको छ ।

उक्त विश्वविद्यालयको तथ्याङ्कअनुसार अमेरिकामा पछिल्ला दिनमा पनि ठूलो संख्याका सङ्क्रमित थपिने गरेका छन् । यद्यपी अमेरिकामा ३१ लाख ९७ हजार ५३९ व्यक्ति कोरोना भाइरस मुक्त भएका पनि विश्वविद्यालय जनाइएको छ ।

कोरोना भाइरस सङ्क्रमणबाट भारत र ब्राजिल दोस्रो र तेस्रो स्थानमा परेको छ । भारतमा ७४ लाख ३२ हजार ६८० जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् भने ब्राजिलमा ५२ लाख ३०० व्यक्ति कोरोना सङ्क्रमित रहेका विश्वविद्यालयले जनाएको छ । रुस चौथो स्थानमा रहेको यहाँ १३ लाख ७६ हजार २० जना सङ्क्रमित रहेका छन् ।

विश्वको तुलनामा सङ्क्रमणमुक्त भएकाको संख्यामा भारत अग्रस्थानमा रहेको छ । भारतमा ६५ लाख २४ हजार ५४९ व्यक्तिलाई कोरोना भाइरस निको भएको छ । विश्व स्वास्थ्य संगठनले गत मार्च ११ कोभिड-१९लाई 'विश्व महामारी'को घोषणा गरेको थियो । (रासस/एएनआइ)

# तालिबानीको अल कायदासँग सम्बन्ध छ-सयुक्त राष्ट्रसंघीय अधिकारी

**काबुल**–एक सयुक्त राष्ट्रसङ्घीय अधिकारीले तालिबानीले अल कायदा नामक एक आतङ्ककारी सगठनसँग सम्बन्ध राखिरहेको बताएका छन् ।

अलकायदाका नेता आइमन अल जवाहारीले तालिबानी संगठनसँग सम्बन्ध राखिरहेको ती अधिकारीले जनाएका हुन् ।

अलकायदा र तालिबानी सम्बन्धको सयुक्त राष्ट्रसङ्घीय अधिकारी अनुगमनसम्बन्धी निकायका एकजना अधिकारी एडमण्ड फिटन ब्राउनले सो कुराको जानकारी दिएको हो ।

उनले तालिबानी र अल कायदाका बीचमा अहिले पनि राम्रो सम्बन्ध रहेको र आपसमा उनीहरूले काम गरिरहेको जानकारी दिएको हो ।

यता अल कायदासँग आफूको कुनै पनि सम्बन्ध नरहेको भन्दै तालिबानीले अमेरिकालाई विश्वस्त गरिरहेको बताइएका बेला उता ती सयुक्त राष्ट्रसङ्घीय अधिकारीले यी दुईबीच सम्बन्ध रहेको सार्वजनिक अभिव्यक्ति दिएको हो ।

हाल तालिबानी अमेरिकाको मध्यस्थतामा अफगानिस्तानको सरकारसँग शान्ति वार्तामा रहेका छन् ।

उनीहरू शान्ति वार्तामा रहेका बेला यो कुरा सार्वजनिक भएको बताइएको छ । (रासस/एएनआई)

# झडपमा सात सैनिक र पाँच तालिबानको मृत्यु

**कुन्दुज**– अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजको सहिब जिल्लामा शनिबार राति अफगानिस्तानको सुरक्षा अधिकारी र तालिबानी लडाकूबीच भएको झडपमा परी सात जना सैनिक मारिएका छन् ।

सो झडपमा परेर अरु कम्तीमा पनि पाँच जना तालिबानी लडाकूको मृत्यु भएको एक स्थानीय अधिकारीले आइतबार पुष्टि गरेका छन् ।

कुन्दुज प्रान्तको इमाम साहिब जिल्लामा भएको झडपमा परी ती सैनिक मारिएका अधिकारीले जानकारी दिएका छन् ।

उनीहरूका अनुसार उक्त क्षेत्रमा रहेको सुरक्षा जाँच चौकीमा ठूलो संख्यामा आएका लडाकूले हातहतियारले आक्रमण गरेपछि दोहोरो भीडन्त भएको थियो ।

सो भीडन्तका क्रममा ती सैनिक मारिएका बताइएको हो । त्यसैगरी सो झडपका क्रममा अरु पनि केही सैनिक घाइते भएका पनि बताइएको छ ।

उक्त जिल्लामा केही दिनयतादेखि तालिबानी लडाकूहरूले निरन्तर आक्रमण गर्दै आएका छन् ।

उता कतारको दोहामा अफगान सरकार र तालिबानीबीच शान्ति वार्ता जारी रहेको छ तर पनि यता भने तालिबानीले आक्रमण गर्न छोडेका छैनन् । (रासस/एएनआइ)


**अरिदमन गण, ओखलढुंगा**
**भवन/बाटो मर्मत तथा रङरोगनका सामानहरू आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको**
सूचना नं. NAADBN/077/78/03
**प्रथपपटक प्रकाशित मिति २०७७/०७/०३ गते)**

आ.ब.७७/७८ मा यस गणलाई आवश्यक पर्ने भवन/बाटो मर्मत तथा रङरोगनका सामानहरू शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले देहायमा उल्लेखित सर्त अनुसार दरभाउपत्र पेश गर्न ईच्छुक फर्म/सप्लायर्स/कम्पनीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | शिलबन्दी दरभाउपत्र पाइने स्थान र दस्तुर | शिलबन्दी दरभाउपत्रको जमानतको रकम, किसिम र समयावधी | शिलबन्दी दरभाउपत्र पठाउने तरिका | शिलबन्दी दरभाउपत्र पठाउनु पर्ने कार्यालय | शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोलिने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | (क) को.ले.नि.का, ओखलढुङ्गा (ख) अरिदमन गण, ओखलढुङ्गा | नगद वा बाणिज्य बैंकबाट जारी कम्तीमा ७५ दिनको मान्य अवधि भएको रु.२०,०००।०० को बैंक जमानत | शिलबन्दी रूपमा खाममा प्याक गरी सम्बन्धीत कार्यालयमा पठाउनु पर्ने | अरिदमन गण,ओखलढुङ्गा ब्यारेक । | २०७७/०७/१७ गतेको १२:०० बजे | २०७७/०७/१७ गतेको १३:०० बजे | |

**वर्गीकृत विज्ञापन संकलन काउण्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९८४००/- | प्रति तोला – ९७९००/- | प्रति तोला – १३९५/- |

## कर्पोरेट

### निगम र पर्यटन बोर्डबीच सम्झौता




**काठमाडौं–** नेपाल वायुसेवा निगम र नेपाल पर्यटन बोर्डबीच सम्झौता भएको छ। नेपालको पर्यटन प्रबर्द्धन सम्बन्धमा सहकार्य गर्ने गरी निगम र बोर्डबीच आइतबार एक समारोहबीच सम्झौता गरिएको हो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान गर्ने राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम र नेपाल पर्यटन बोर्डबिच भएको यस सम्झौताले हाल कोभिड-१९ को महामारीका कारण शिथिल बनेको पर्यटन क्षेत्र प्रबर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

नेपाल वायुसेवा निगमले विगतदेखी नै नेपालमा बिदेशी पर्यटकहरू ल्याउनमा अग्रणी भूमिका खेल्दै आएकोमा यी दुई संस्थाबिचको सहकार्यले अझ थप हौसला प्रदान गरेको निगमले जनाएको छ।

### सिटिजन लाइफको तेस्रो वार्षिकोत्सव




**काठमाडौं** – सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो स्थापनाक( ालको तेस्रो वर्ष पूरा गरी चौथो वर्षमा प्रवेश गरेको छ। सबैभन्दा विश्वासिलो र ग्राहकवर्गको पहिलो रोजाइको जीवन बीमा कम्पनी बन्ने उद्देश्यका साथ अघि बढ्दै सफलताको तेश्रो वर्ष पुरा भएकोमा नियमनकारी निकायहरू, ग्राहकवर्ग, शेयरधनी महानुभावहरू, अभिकर्ता, कर्मचारी तथा सञ्चारकर्मी सबैसँग साथ र सहयोगको अपेक्षा गरेको कम्पनीले जनाएको छ।

अहिलेको यस विषम् परिस्थितिसँग लड्दै अगाडि बढ्ने क्रममा सिटिजन लाइफ इन्स्योरेन्सले आफ्नो तेस्रो वार्षिकोत्सवको यसै अवसरमा नयाँ म्यास्कोट 'सिटिम्यान' समेत सार्वजनिक गरेको छ। सुरक्षा प्रदान गर्नको लागि हरेक पल तयार यस सिटिम्यानले ग्राहकको चाहना र माग अनुरूपको नवीनतम सेवा र सुरक्षा प्रदान गर्नेछ। हसिलो मुहार भएको यस सिटिम्यानको हातमा भएको छाताले ग्राहकहरूले बीमा मार्फत प्राप्त गर्ने विभिन्न सुरक्षाहरूको प्रतीकात्मक अर्थ बोकेको छ।

### होण्डाको होण्डा सिआर-भि १.६ टर्भो नेपाली बजारमा




**काठमाडौं** – नेपालका लागि होण्डा कारको आधिकारिक बिक्रेता स्याकार ट्रेडिङ्ग कम्पनी प्रा. लि.ले स्टाईल, पर्फमेन्स र सुरक्षालाई समावेश गरी परिस्कृत पर्फमेन्स र शानदार इन्टेरियरस्का साथै नयाँ इन्जिनसहित होण्डा सिआर-भि २०२० लाई नेपाली बजारमा लन्च गरेको छ।

"एडभान्स, एनरजेटिक एण्ड स्मार्ट" को ग्राण्ड कन्सेप्टमा निर्मित ५ औं जनरेशनको यस होण्डा सिआर-भि २०२० माहाई-टेक्नोलोजीयुक्त एक्स्टेरियर र इन्टेरियर सुविधाहरूले सबैको ध्यानआकर्षण गर्नेछ।

आफ्नो सेग्मेन्टमा सर्वाधिक २१० एमएम ग्राउण्ड क्लेरेन्स रहेको यस कारमा एड्भान्स इन्टिग्रेटेड लिड हेड ल्याम्पस्, इनलाइन लिड फगल्याम्पस्, फ्रन्ट पार्किङ्ग सेन्सर, पुस बटन गियर सिस्टम, प्यानोरोमा सनरूफ, स्मार्ट किलेस इन्ट्री, प्याडल सिफ्टिङ्गगियर, ८ प्रकारको पावर ड्राइभिङ्ग सिट, ४ प्रकारको लम्बर सर्पोट सिट, उच( चस्तरीय लेदर तथा ऊडन फिनिस क्याबिनका साथै ७जना सम्म प्यासेन्जरहरू बस्न सकिने सुविधाहरू रहेको छ।

### निशान मोटर्सको 'निशान लिफ' आउँदै




**काठमाडौं** – निशान मोटर्सको लागि नेपालको आधिकारिक बिक्रेता पायोनियर मोटो कर्पले निशानको सर्वाधिक प्रतीक्षित निशान लिपा नेपाली बजारमा ल्याउन लागेको छ। विद्युतीय सवारीमा बिद्यमान करलाई वृद्धि गरिए पश्चात् सो गाडीको लन्च कार्यक्रम पुर्व निर्धारित समयामा हुन सकेको थिएन। तर, नेपाल सरकारले विद्युतीय सवारीको करलाई पुर्नअवलोकन गर्ने व्यवस्था गरेकाले निशानको 'लिफ' गाडि २०२१ साल अप्रिलमा लन्च हुने भएको छ।

निशान लिफ संसारकै पहिलो 'मास मार्केटेड' विद्युतीय गाडी हो। ग्लोबल लिडर रहेको यो गाडी निसानको विद्युतीय गाडीहरूमा सबैभन्दा राम्रो गाडी भएको कम्पनीको दाबी छ। अहिलेसम्म संसारभर २,५०,००० भन्दा बढी बिक्रि भैसकेको यस कार सबैभन्दा पहिला २०१० को डिसेम्बरमा जापानी बजारमा आएको थियो। अधिक हर्शपावार र टर्क सहित आउने यस गाडी ४० मिनेटमै ८० प्रतिशत सम्म चार्ज हुने जनाइएको छ।

### सिटिजन्स बैंक र तिनाउ मिसन मर्ज हुँदै




**काठमाडौं–** सिटिजन्स बैंक इन्टरनेशनल र तिनाउ मिसन डेभलपमेन्ट बैंक मर्ज हुने भएको छ। बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम सिटिजन्स बैंक इन्टरनेसेनल लिमिटेडले 'ख' वर्गको तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने गरी प्रारम्भिक सम्झौता गरेको छ।

आइतबार तिनाउ मिसन डेभलपमेण्ट बैंकको प्रधान कार्यालयमा आयोजित कार्यक्रमका बीच सिटिजन्स बैंकका तर्फबाट प्रवलजंग पाण्डे र तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडका तर्फबाट राजेन्द्र प्रसाद ओझाले हस्ताक्षर गरेका थिए।

मर्ज भइसकेपछि यस बैंकको निक्षेप करिब १ खर्ब १५ अर्ब रूपैयाँ हुनेछ भने कर्जा लगानी ९८ अर्बरूपैयाँ हुनेछ। त्यस्तै देशभर कुलशाखा १६४ हुनेछ।

## रोकिएन सेयर घट्ने क्रम

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि ओरालो लागेको छ। साताको पहिलो दिन कारोबार मापक नेप्से ५.६६ विन्दुले घटेर एक हजार ५५६.८० मा झरेको छ।

यस्तै सेन्सेटिभ परिसूचक १.८१ विन्दुले घटेर ३०८.२७ मा पुगेको छ। कूल १८७ कम्पनीको ४३ लाख ५२ हजार १० कित्ता शेयर रु एक अर्ब २५ करोड २७ लाख ४८ हजार १८१ मूल्यमा खरिद बिक्री भए। स्टकका अनुसार कारोबार भएका कूल १२ उपसमूहमध्ये दुई उपसमूहको शेयर उकालो लागेको छ भने १० उपसमूहको शेयर ओरालो लागेको छ। व्यापार १३.२ र निर्जीवन बीमा ३१.५८ विन्दुले बढेको छ।

यस्तै, बैंकिङ ६.०२, होटल १.८२, विकास बैंक २९.१९, जलविद्युत् ५.०६, वित्त १.६, उत्पादन १४.४२, अन्य १.५४, लघुवित्त ११.२३, जीवन बीमा १८.९८ र सामूहिक लगानी कोष ०.०४ विन्दुले घटेको छ। कारोबारका आधारमा हिमालयन बैंकको संस्थापक शेयरको कारोबार शीर्ष स्थानमा रहे। सो बैंकको रु २४ करोड ४५ लाख ५१ हजार ६०० बराबरको कारोबार भएको छ। यस्तै, पुनर्बीमा कम्पनी रु चार करोड ७६ लाख ५२ लाख ७९७, आइसिएफसी फाइनान्स रु तीन करोड ९५ लाख ३९ हजार ४६८, नागरिक लगानी कोष रु तीन करोड ९५ लाख २६ हजार ९४५, नेपाल बैंक लिमिटेड रु तीन करोड ५२ लाख ५० हजार ४३ र अरुण भ्याली हाइड्रोपावर रु तीन करोड ४० लाख चार हजार ९३० बराबरको कारोबार भई शीर्ष स्थानमा रहेको छ।

यस्तै, कारोबारका आधारमा जनरल इन्सुरेन्स ९.८७, आइसिएफसी फाइनान्स ५.२६, नेपाल ल्युब आयल ४.७४, गुराँस लघुवित्त वित्तीय संस्था ४.१६, प्रोगेसिभ फाइनान्स ३.९१ र हिमालय बैंकको संस्थापक शेयरधनीले ३.४५ प्रतिशतले कमाए। त्यस्तै, रैराङ हाइड्रोपावर ७.५४, नेपाल फाइनान्स ६.२९, अरुण भ्याली हाइड्रोपावर ५.१७, घलेम्दी हाइड्रो ४.२४, समृद्धि फाइनान्स ३.५७ गुह्यश्वरी फाइनान्स ३.४३, बरुण हाइड्रोपावरका लगानीकर्ताले ३.३७ प्रतिशतले गुमाए।

**२५ कम्पनीको कारोबार रोक्का**

नेपाल स्टक एक्सचेञ्जले वार्षिकरूपमा बुझाउनुपर्ने शुल्क नबुझाएको पाइएपछि २५ विभिन्न कम्पनीको कारोबारमा रोक लगाएको छ।

स्टकका अनुसार क्यापिटल मर्चेन्ट बैंक एन्ड फाइनान्स, क्रिष्टल फाइनान्स, हिमालयन फाइनान्स, मल्टी पर्पोज फाइनान्स, नेपाल शेयर मार्केट, सम्झना फाइनान्स, हिमाल दोलखा हाइड्रोपावर, जोशी हाइड्रोपावर, नेपाल हाइड्रो डेभलपर, अरुण वनस्पति, अरुण वनस्पति उद्योग र विराट सुज लिमिटेडलगायतको कारोबारमा रोक लगाएको छ।


## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धि सूचना

२०७७/०४/२५ गतेदेखि लागू हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

**सरकारी**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/- | २१००/- |
| भित्री पृष्ठ | १५००/- | १३००/- |
| अन्तिम पृष्ठ | १९००/- | १७००/- |

**प्राइभेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | १७००/- | १६००/- |
| भित्री पृष्ठ | १२००/- | १०००/- |
| अन्तिम पृष्ठ | १५००/- | १४००/- |

नोटः उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
धुम्बराही-४, काठमाडौं।
फोन नं. : ०१-४३७३५७७, ४३७७८९१
इमेल : marketing2prabhab@gmail.com
वेबसाइट : www.prabhabonline.com



अब मात्र एक क्लिकमा...

**www.prabhabonline.com**

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई